नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक २९० ● २०८२ साल भाद्र २९ गते आइतबार ● Sunday 14, September 2025 ● सूर्योदयः बिहान ५:५० बजे ● सूर्यास्तः साँझ ६:१० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## चन्द्रकिशोरलाई पितृशोक



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश मामिलामा देशमै जानेमानेका वीरगंजका अग्रज पत्रकार चन्द्रकिशोरलाई पितृशोक परेको छ । उनका बुबा राजेन्द्र झाको निवासमै ९२ वर्षको उमेरमा शनिबार निधन भएको छ । केही समयदेखि पिसाबसम्बन्धी रोगसँग जुध्दै झा पछिल्लो ३ महिनादेखि घरमै आराम गरिरहेका थिए । मधेशदृष्टि दैनिक, रेडियो वीरगंज र टिभी वीरगंजका अध्यक्ष ध्रुव साहले शोक विज्ञप्तिमार्फत मृतक झामा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा गहिरो समवेदना प्रकट गरेका छन् ।

# मुख्यमन्त्रीको राजीनामा नदिने ‘मूड’ देखेपछि जनमत सरकारबाट फिर्ता



मधेश प्रदेश सभा
जनकपुरधाम

संसदीय दलको कार्यालय
जनमत पार्टी

मिती – २०८२/०५/२८

श्रीमान प्रदेश प्रमुख ज्यू,
मधेश प्रदेश प्रदेश प्रमुखको कार्यालय ,
जनकपुरधाम धनुषा ,

विषय – समर्थन फिर्ता सहित मुख्यमन्त्री / मन्त्री फिर्ता बोलाइएको सम्वन्धमा |

उपरोक्त सम्बन्धमा हाम्रो दल जनमत पार्टीले सरकारलाई दिइएको समर्थन फिर्ता साथै मुख्यमन्त्री / मन्त्री लाई फिर्ता बोलाइएको जानकारी सहित निवेदन गर्दछौं |

मा. महेश प्र. यादव
दल नेता
जनमत पार्टी मधेश
सभा जनकपुरधाम

E-mail: pravin.assem.p2@gmail.com (State Assembly Province No.2 Website: www.pga.p2.gov.np)

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको १३ सदस्य भएको जनमत पार्टीले नै प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । जनमत पार्टीको मधेश प्रदेश संसदीय दलका नेता महेश यादवले पार्टी प्रदेश सरकारबाट फिर्ता हुने निर्णयमा पुगेको भन्दै प्रदेश प्रमुखलाई पत्राचार गरेका छन् । उनले सरकारलाई दिइएको समर्थन फिर्ता लिँदै मुख्यमन्त्री र मन्त्रीहरुलाई फिर्ता बोलाउने निर्णय गरेको जानकारी सहितको पत्र प्रदेश प्रमुख कहाँ पठाएका हुन् ।

यसअघि दिउँसो मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अहिलेको भाँडभैलोमा फेरि सरकार बनाउने र गिराउने खेल हुने भएकाले कुनै ठोस निकास नभएसम्म काम गर्नु पर्ने भएकाले राजीनामा नदिने बताएका थिए । उनले भनेका थिए, ‘संसद विघटनसँगै प्रदेश सरकार पनि विघटन भएको छैन, केही सम्बोधन भएन, मैले राजीनामा दिँदा फेरि सरकार बनाउने र भत्काउने खेल हुन्छ, मधेश बनाउनु पर्ने मात्रै होइन, एउटा पनि मन्त्रालयको भवनमा बसेर काम गर्न सक्ने अवस्था नभएकाले पहिलो सरकार चलाउने भवन बनाउनु पर्ने चुनौती छ, म काम गर्न चाहन्छु ।’ उनले आइतबारदेखि लगत उतार्न भए पनि टेन्टमा बसेर भए पनि काम गर्न कर्मचारीलाई निर्देशन दिइएको बताए ।

मुख्यमन्त्री सिंहले प्रेस विज्ञप्ति जारी गरेर राजीनामा दिए पनि उनले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी समक्ष औपचारिक पत्र बुझाएका थिएनन् । त्यसैलाई आधार मानेर उनी आफू नै मुख्यमन्त्री रहेर काम गर्ने मनस्थितिमा थिए । उनी पुनः मुख्यमन्त्रीमा फर्किन वकिल तथा विभिन्न दलका नेताहरूसँग छलफलमा जुटेका थिए । मिडियाको पनि मदत मागेका थिए ।

मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अवधेश झाले भदौ २४ गते मधेश भवनमा तोडफोड हुन थालेपछि आफ्नो राजीनामा घोषणाले त्यो साम्य हुन्छ कि भनेर मुख्यमन्त्री सिंहले राजीनामाको घोषणा गरेको स्पष्ट पारे । धनजनको धेरै क्षति नहोस् भनेर मुख्यमन्त्री सिंहले त्यो दिन आफ्नो फेसबुकबाट राजीनामा घोषणा गरेको उनको भनाइ छ ।

‘मेरो राजीनामाले यदि अवस्था सहज हुन्छ, सबै कुरा शान्त हुन्छ भने म राजीनामा दिन तयार छु भन्दै मुख्यमन्त्री सिंहले राजीनामा घोषणा गर्नु भएको हो । अहिले फरक परिस्थिति भएको कारण अब के गर्ने भनेर त्यसको बारेमा उहाँ दलका नेता तथा वकिलहरूसँग छलफलमा जुट्नु भएको छ’, सल्लाहकार झाले भने ।

## उपयुक्त नाम आए तत्काल छाडिदिन्छु



**–सतिश कुमार सिंह**
**मुख्यमन्त्री, मधेश प्रदेश**

‘जेन्जी पुस्ताले शुरु गरेको परिवर्तनको आन्दोलन र त्यसपछि बनेको परिस्थितिमा आज हामी संविधान र संघीयताको रक्षा गर्ने जोखिमपूर्ण घडीमा उभिएका छौँ । आन्दोलन शुरु भएदेखि नै मधेश प्रदेशको राजधानी जनकपुरधाम, मधेश भवन तथा जिल्लास्थित सरकारी सम्पत्ति जोगाउन र आन्दोलनरत युवामाथि दमन रोक्न मैले निरन्तर प्रयास गरेको कुरा सर्वविदितै छ । मेरो लागि जनताको ज्यानभन्दा ठूलो पद छैन । किनभने यही जनताले अमूल्य मत र विश्वास दिई मलाई जनप्रतिनिधि बनाउनु भएको छ, जुन मेरो जीवनकै ठूलो गौरव हो ।

पछिल्लो समय राजीनामाका सन्दर्भमा विभिन्न सञ्चार माध्यममा आएको समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

राजीनामाको भावना र अन्तर्य बुझिदिन सबैमा अनुरोध गर्दछु । यदि मेरो राजीनामाले जनताको जीवन रक्षा र सम्पत्तिको क्षति रोक्न मद्दत पुग्छ भने सचिवालयमार्फत सामाजिक सञ्जालमा गरिएको राजीनामाको जानकारी सत्य हो । संविधान र संघीयताको रक्षार्थ म हरेक बाटो रोज्न तयार छु । तर संघीयताको आत्मा मधेशलाई नेतृत्वविहीन बनाई अरूको खेल मैदान बनाउन दिने कुनै पनि प्रयास स्वीकार्य हुने छैन ।

आज मधेश भवन र सरकारी कार्यालयहरू खरानीमा परिणत हुँदा सेवाहरू ठप्प भएका छन् । यस्तो अवस्थामा कर्मचारी र नागरिक दुवैको मनोबल उठाउँदै पुनः सेवा सुचारु गर्नु मेरो दायित्व हो । त्यसैले संघीयतालाई कमजोर पार्ने सरकार बनाउने–गिराउने खेलभन्दा माथि उठेर, सहमतिका आधारमा नयाँ नेतृत्व चयन भएमा म आफ्नो पद त्याग गर्न तयार रहेको कुरा सबैमा विश्वास दिलाउन चाहन्छु ।

म सप्तरीको वीर मधेशी समुदायको एउटा आन्दोलनकारी हुँ । मेरो परिवारको विरासतले प्रमाणित गरेको छः हामी मर्न त तयार हुन्छौँ, तर आफ्नो वचनबाट कहिल्यै फिर्ता हुँदैनौँ । मैले जेन्जी पुस्ताको शान्तिपूर्ण आन्दोलनलाई एक्यबद्धता प्रकट गरिसकेको छु । प्रदेशका संरचनाहरूमा क्षति नहोस् भन्ने विश्वासका साथ मैले राजीनामाको प्रस्ताव गरेको हुँ । देशले तत्कालै नयाँ प्रधानमन्त्रीमार्फत निकास पाइसकेको छ । त्यस्तै, मधेश प्रदेश सरकारले पनि सहमतिबाट नयाँ मुख्यमन्त्री चयन गर्ने हो भने म त्यही दिन, त्यही क्षण राजीनामा दिन तयार छु । किनकि संघीयताको रक्षा गर्नु मेरो पदीय कर्तव्य हो । प्रादेशिक संरचनालाई शून्यतामा—मुख्यमन्त्री विहीन अवस्थामा—राख्ने कुनै कदमले कर्मचारीहरूको ‘बिल्ड ब्याक बेटर’ आत्मविश्वासलाई कमजोर बनाउँछ भन्ने मेरो चिन्ता हो ।

यस सन्दर्भमा मैले गठबन्धनका नेताहरूलाई पनि भनिसकेको छु, जेन्जी पुस्ताको इच्छा आकांक्षा अनुसार संविधानअन्तर्गत उपयुक्त नाम आएको खण्डमा म एक दिन, एक मिनेट, एक सेकेन्ड पनि मुख्यमन्त्री रहँदिनँ । नयाँ ऊर्जासहित नयाँ नेतृत्वलाई मेरो पूर्ण सहयोग हुनेछ ।

मैले कर्मचारीलाई स्पष्ट निर्देशन दिएको छु, ‘जनताको सेवामा कुनै अवरोध हुन नदिनुहोस्, आफ्नो कार्यालय तुरुन्त सफा गरेर नियमित काममा फर्कनुहोस् । आवश्यक परे टेन्ट गाडेर भए पनि प्रदेशलाई पुनः खडा गर्न लाग्नुहोस् ।’ म आफैँ पनि मन्त्रालयहरुको सरसफाईमा कर्मचारीहरुलाई साथ दिने नै छु । म प्रदेशका सम्पूर्ण नागरिक समाज र चेतनशील युवा पुस्तालाई आह्वान गर्दछु, ‘जे भयो भयो, अब हामी सबै मिलेर प्रदेशका संरचनाहरूलाई पुनः साविक अवस्थामा फर्काऔँ, अझ मजबुत र जनमुखी बनाऔँ । यहिँ हाम्रो साझा दायित्व हो, यही संघीयताको रक्षा गर्ने बाटो हो । धन्यवाद, जय मधेश ।’

## के कति क्षति भयो वीरगंज महानगरमा ?

- आधा दर्जन भवन र १३ सवारीसाधनमा आगजनी
- ८ करोड रुपैयाँका सवारी साधनमा मात्र क्षति
- सरसफाइकर्मीद्वारा सफाइ जारी, सेवा दिन समय लाग्ने
- नगर प्रहरीद्वारा चोरीका सामान फिर्ता अभियान जारी





**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी प्रदर्शनक्रममा प्रदर्शनकारीको तोडफोड र आगजनीले वीरगंज महानगरको भवन तथा सवारीसाधनमा ठूलो क्षति पुगेको छ ।

प्रदर्शनकारीले वीरगंज महानगर परिसरमा रहेका साना–ठूला आधा दर्जन भवन र डेढ दर्जनभन्दा धेरै सवारीसाधनमा आगजनी गरेर क्षति पु¥याएका हुन् । वीरगंज महानगरका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिलकुमार कर्ण वीरगंज महानगरका आधा दर्जन भवन जलेर नष्ट भएको बताउँछन् ।

‘वीरगंज महानगर परिसरमा छ वटा भवन छन्, तीमध्ये सबैजसो भवन जलेका छन्,’ उनले भने, ‘जलेका भवनमा महानगरको कार्यालय सञ्चालन गर्न सक्ने अवस्था छैन ।’ जेन्जी प्रदर्शनमा अराजक समूहले महानगरका महत्वपूर्ण कागजात जलाएर खरानी बनाइदिएपछि महानगर कसरी सञ्चालन गर्ने चुनौती थपिएको छ । यद्यपि वीरगंज महानगरका सरसफाइकर्मीले परिसर वरपर सरसफाइका काम जारी राखेका छन् । ‘महानगरका विभिन्न शाखा तथा महाशाखाका लगभग सबैजसो कागजात तथा कुर्ची टेलब लगायतका फर्निचर आगजनी तथा चोरी गरेर लगेका छन्,’ उनले भने, ‘कम्प्युटर, प्रिन्टर्स, कम्प्युटरको हार्डड्राइभलगायतका अत्यावश्यक उपकरण चोर्ने र जलाउने दुवै काम भएका छन् । सबैको व्यवस्थापन गरेर पहिलाकै अवस्थामा फर्किन अझै लामो समय लाग्ने देखिन्छ ।’

प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख कर्णले प्रदर्शनकारीले १३ वटा सवारीसाधन र सात वटा मोटरसाइकल जलाएर नष्ट पारेको जानकारी दिए । ‘वीरगंज महानगरमा मङ्गलबार साढे १२ बजेपछि आक्रमण गरेर आगजनी तथा नष्ट गर्ने काम सुरुवात भएको थियो,’ उनले भने, ‘अहिले महानगरको ९५ प्रतिशत संरचनामा क्षति भएको छ ।’

वीरगंज महानगरको यान्त्रिक महाशाखाका प्रतिनिधि जयराम महतोले वीरगंज महानगरका १३ वटा सवारीसाधन जलेर नष्ट भएको बताए । ‘स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ल्याएको एउटा सवारीसाधन जलेर नष्ट भएको छ । एक जना ठेकेदारको एउटा गाडी जलेर नष्ट भएको छ,’ उनले भने, ‘तीन वटा विद्युतीय रिक्सा पनि जलेर नष्ट भएका छन् ।’

उनले सवारीसाधन जल्दा करिब आठ करोड रुपैयाँ बराबरको क्षति भएको दाबी गरे । यसैबीच वीरगंज महानगरको नगर प्रहरीले महानगरको सामान लुटपाट गरेर लैजानेसँग फिर्ता ल्याउने अभियान अघि सारेको छ । महानगरबाट लुटपाट गरेका सामान बिहीबारदेखि फिर्ता ल्याउने अभियान अघि सार्दै आइरहेको छ ।

वीरगंज महानगरले पछिल्लो समय हार्डडिस्क नौ थान, केबल टेस्टर एक थान, कन्भर्टर तीन थानलगायतका सामान बरामद गरेको छ । त्यस्तै गरी टेबल, कुर्सी, फर्निचरलगायतका बरामद गर्दै आइरहेको छ ।

## जेन्जी आन्दोलनमा असहाव अस्ताएपछि बस्ती नै मर्माहत

**हिमाल लम्साल**
**वीरगंज ।**
दुई महिनाअघि मात्रै वीरगंज महानगर–१२ का असहाव आलम ठकुराई वैवाहिक बन्धनमा बाँधिएका थिए । वैवाहिक जीवन राम्रोसँग अघि बढाउन नपाउँदै असहावले मङ्गलबार काठमाडौँमा भएको जेन्जी समूहको प्रदर्शनीमा प्रहरीको गोली लागेर ज्यान गुमाए ।

बाइस वर्षे असहाव भारतको बिहार राज्यको पूर्वी चम्पारणको आदारपुर नजिकै बेल्दर्वाका रोक्सिता खातुनसँग दुई महिनाअघि मात्रै प्रणयसूत्रमा गाँसिएका थिए । तर, कलिलो उमेरमै आन्दोलनमा परेर ज्यान गुमाएपछि अहिले वीरगंज महानगर मुर्लीका बासिन्दा शोकमा डुबेका छन् ।

विगत तीन वर्षदेखि अध्ययन तथा रोजगारीका सिलसिलामा असहाव काठमाडौँमा रहँदै आएका थिए । मङ्लबार पठाओमा यात्रुलाई गोङ्गबु लैजाने क्रममा प्रहरीको गोली लागेर जेन्जी आन्दोलनमा सहादत प्राप्त गरेको उनको परिवारले जनाएको छ ।

उनको मृत्युपछि आमा नजला खातुन र पत्नी रोक्सिता खातुन बेलाबखत मुर्च्छित हुँदै अचेत अवस्थामा पुग्ने गरेका छन् । छोराको मृत्युले विछिप्त आमा नजला छोरा श्रवणकुमारजस्तै आमाबुबालाई असाध्यै माया गर्ने सन्तान रहेको बताउँछिन् ।

‘मेरो छोरा श्रवणकुमार जस्तै थियो । भर्खरै बिहे गरेर बुहारी भित्र्याएको छ । अब बुहारी कसको मुख हेरेर बाँच्लिन् ?,’ नजलाले रुँदै भनिन्, ‘दुई महिनाअघि मात्रै विवाह गरेर ल्याएकी बुहारीको सिउँदो उजाडिएको छ ।’ आमा नजलाले छोरालाई प्रहरीले किन मारेको भनेर बारम्बार प्रश्न सोध्ने गरेकी छिन् । ‘बुहारी छोराको यादमा बिलौना गरेर बसिरहेकी छन् । बुहारीले के अपराध गरेकी थिइन् र उनलाई बिछोड गराइयो ?,’ उनी स्तब्ध हुँदै सोध्छिन् ।

मृतक ठकुराई पाँच सन्तानमध्येका तेस्रो छोरा हुन् । असहाव वीरगंजको ग्लोबल बिजनेस कलेजबाट कक्षा १२ व्यवस्थापन सङ्कायमा पास गरेर थप अध्ययन र रोजगारीका लागि काठमाडौँ गएका थिए । असहावका छिमेकी मनोज गुप्ताले असहाव मङ्गलबार बिहान १० बजेपछि सम्पर्कविहीन भएपछि खोजी गर्दा उनको शव काठमाडौँको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा भेट्टिएको जानकारी दिए ।

‘असहावको छाती र पेटमा गरेर दुई वटा गोली लागेको देखिन्छ,’ उनले भने, ‘शुक्रबार परीक्षणलगायतका प्रक्रिया पूरा गरेर असहावका काकाले उहाँको शव ल्याउनु भएको हो ।’ छिमेकी गुप्ताले असहाव निकै मिजासिलो र आँखामा राख्दा पनि नबिजाउने प्रकृतिको व्यक्तित्व रहेको बताए ।

असहावका काका असराल आलम ठकुराईले असहावको मृत्युले निकै मर्माहत भएको बताए । ‘उनको मृत्युले हामी निकै मर्माहत भएका छौँ,’ उनले भने, ‘जेन्जी आन्दोलनमा असहावजस्तै ज्यानको आहूति दिने योद्धाको बलिदानले मुलुकमा नयाँ क्रान्ति सुरुआत होस् ।’

वीरगंज महानगर–१३ का पूर्ववडाध्यक्ष तुफान अन्सारीले एक असल छिमेकी भाइ गुमाउनुपर्दा निकै मर्माहत भएको बताए । ‘असहाव भाइ निकै असल व्यक्ति हुनुहुन्थ्यो । उहाँको निधनले अपुरणीय क्षति भएको छ,’ उनले भने, ‘अहिले उहाँको परिवारमात्रै नभएर सिङ्गो मुर्लीवासी स्तब्ध र शोकमा डुबेका छौँ ।’ शुक्रबार साँझ जेन्जी आन्दोलनमा ज्यान गुमाएका असहावको सम्झना गर्दै वीरगंजका मुर्लीवासीले वीरगंजको प्रतिमाचोकमा मैनबत्ती बालेर स्मरण गरेका थिए ।

उनका बुवा विदेशमै कार्यरत छन् । उनको मुस्लिम परम्पराअनुसार मुर्ली पोखरीनिर रहेको कबरगाहमा दाहसंस्कार भएको छ । दाहसंस्कारमा ठूलो संख्यामा स्थानीयको सहभागिता थियो । उनलाई जेन्जी आन्दोलनमा मधेशको शहीद मानिएको छ ।

# कांग्रेस र एमाले नेताहरूको संयुक्त समीक्षा बैठक



**मधेशदृष्टि**
**रौतहट ।**
लामो समयदेखि प्रतिस्पर्धीका रुपमा चिनिँदै आएका नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरू रौतहट क्षेत्र नं ३ मा संयुक्त रुपमा भेला भएका छन् । कटहरिया बजारमा शनिबार सम्पन्न क्षेत्रीय समीक्षा बैठकले हालैको जेनजी आन्दोलन, त्यसले सिर्जना गरेको राजनीतिक संकट र आगामी चुनौतीबारे गम्भीर छलफल गरेको हो । बैठकमा दुवै दलका नेताहरूले जेनजी आन्दोलनका क्रममा शहादत प्राप्त युवाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै भ्रष्टाचार, परिवारवाद र भागबण्डाको राजनीति नै देशको वर्तमान दुर्दशाको मुख्य कारण रहेको निष्कर्ष निकाले । उनीहरूले आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी, नगरपालिकामा भएको क्षति, कैदी भाग्ने घटना र सुरक्षाकर्मीको बर्बरता जस्ता आपराधिक गतिविधिको उच्चस्तरीय छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे । बैठकमा सहभागी वक्ताहरूले हालका ठूला राजनीतिक दलका नेताहरूले आफ्ना विगतका गल्तीबाट पाठ नसिके अझ ठूलो जनविद्रोह हुन सक्ने चेतावनी दिए । उनीहरूले जेनजी आन्दोलनलाई केवल असन्तुष्ट युवाहरूको क्षणिक आक्रोश मात्र नभई नेपाली राजनीतिमा सुधारका लागि आएको 'चेतावनीको संकेत'का रुपमा व्याख्या गरे । प्रधानमन्त्री सुशीला कार्कीलाई युवापुस्ताको चाहनाअनुसार बनेको सरकारको प्रमुख प्रतिनिधि भन्दै सबै दलले उनको नेतृत्वलाई समर्थन गर्नुपर्ने धारणा पनि बैठकमा राखियो । सहभागीहरूले युवाहरूले अघि सारेका जायज मागहरूप्रति राजनीतिक दलहरूले ऐक्यबद्धता देखाउनुपर्नेमा जोड दिए ।

# बालिकाको डुबेर मृत्यु, किशोरको शव भारतमा फेला

**मधेशदृष्टि**
**रौतहट ।**
जितिया पर्वको 'नहायखाय' अनुष्ठानका क्रममा रौतहटको लाल बकैया नदीमा नुहाउन गएकी एक बालिकाको डुबेर मृत्यु भएको छ । शनिबार बिहान गौर नगरपालिका–६ निवासी बैजु साहकी १० वर्षीया छोरी करिश्मा (अमृता) साह आमा र अन्य व्रतालुसँगै स्नान गर्ने क्रममा बेपत्ता भएकी थिइन् ।
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी राजु कार्कीका अनुसार घण्टौँसम्मको खोजीपछि नेपाली सेनाको टोलीले उनलाई मृत अवस्थामा फेला पारेको हो ।
यसअघि गत बिहीबार सोही नदीमा नुहाउन गएका ईशनाथ नगरपालिका–१ का १५ वर्षीय बिगन साह पनि बाढीको भेलले बगाएर बेपत्ता भएका थिए । पाँच जना साथीहरूसँगै गएका उनी बेपत्ता भएपछि लगातार खोजी कार्य जारी गरिएको थियो । प्रहरीका अनुसार खोजीको तेस्रो दिन उनको शव करिब ८ किलोमिटर दक्षिण भारतको भूभागमा फेला परेको छ ।
शव नेपाल ल्याउनका लागि परिवारजन र स्थानीय प्रशासन भारतीय पक्षसँग समन्वय गर्दै त्यहाँ पुगेका छन् । जितिया पर्वको अवसरमा नदीमा भीड बढ्ने र सुरक्षा सतर्कता पर्याप्त नहुँदा वर्षेनी यस्ता दुःखद घटना दोहोरिने गरेको स्थानीयवासी बताउँछन् । प्रहरी प्रशासनले भने श्रद्धालुहरूलाई जोखिमयुक्त नदी र खोल्सामा नजान आग्रह गरेको छ ।

# अवैध भारतीय रकमसहित दुई पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
जलेश्वर नगरपालिकाबाट स्रोत खुल्न नसकेको भारतीय रुपैयाँसहित दुई जनालाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा एक नेपाली नागरिक र एक भारतीय नागरिक रहेका छन् । स्रोतका अनुसार जलेश्वर–३ स्थित रातो पुल नजिक भारतबाट नेपाल तर्फ आइरहेको शङ्कास्पद व्यक्तिहरूलाई सशस्त्र प्रहरीले चेकजाँच गर्दा जलेश्वर नगरपालिका–१२ निवासी ५२ वर्षीय विजय (विमलकुमार) चौधरी र भारतको सितामढी सुरसण्ड निवासी ४६ वर्षीय मनोज साहलाई भारतीय ६–७ लाख रुपैयाँसहित पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल नेपाल, नं. ९ गण हेडक्वार्टर महोत्तरीका सूचना अधिकारी अशोक वमले भने, 'शङ्काको आधारमा दुई जनालाई नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरेका छौँ ।' उनीहरूले लिएर आएको रकम आफ्नो हो वा कसैको हो भन्ने विषयमा थप अनुसन्धान भइरहेको छ । रकमको स्रोत पुष्टि गर्न आवश्यक छ ।' पक्राउ परेकालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई बुझाइएको छ । प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी शैलेन्द्रकुमार भट्टले भने, 'एक जनालाई हाम्रो कस्टडीमा राखिएको छ । तर, थप विवरण हाल उपलब्ध छैन । अनुसन्धान जारी छ ।' स्थानीयवासीहरूले सशस्त्र प्रहरीको कारबाहीको स्वागत गरे पनि पक्राउ परेकाहरूले बार्गेनिङ गर्न थोरै रकम देखाएको आरोप लगाएका छन् । यस विषयमा स्थानीय व्यापारी र नागरिकहरूले बताएअनुसार निषेधाज्ञाको समयमा सीमा नजिकै रकम ल्याउने प्रयासले क्षेत्रको सुरक्षा र आर्थिक कारोबारमा अस्थिरता सिर्जना गर्न सक्ने खतरा रहेको देखिन्छ ।

# लहानमा सरसफाइ शुरु



**मधेशदृष्टि**
**सिरहा ।**
जेनजी पुस्ताका युवाहरूले आन्दोलनको उग्र प्रभावबाट शहरलाई मुक्त पार्दै शनिबार बिहानदेखि लहानको मुख्यचोक इलाका प्रहरी कार्यालय अगाडि सडकमा जमघट गर्दै सरसफाइ अभियान शुरु गरेका छन् । आन्दोलनका क्रममा बालिएका टायर, तोडफोड भएका संरचना र अन्य फोहोर सफा गर्ने क्रममा युवाहरू सक्रिय भएका छन् । सिरहा निवासी हरिदेव चौधरीले भने, 'सरकार गठनको प्रक्रिया अघि बढिसकेको छ र आन्दोलनरत जेनजी पुस्ताका माग पूरा भएकाले अब हामी रचनात्मक कार्यमा लागेका छौँ ।
युवाहरू अहिले सरकारलाई सहयोग गर्ने कार्यमा जुटेका छन् ।' लहान नगरपालिकाको कार्यालयमा भएको आगजनी र तोडफोडका कारण एक करोडभन्दा बढी मूल्यको कम्प्युटर, फर्निचर र कार्यालय सामग्री नष्ट भएको प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले जानकारी दिए । उनले थपे, 'क्षतिको विवरण सङ्कलन भइरहेको छ । नगरपालिकाका सबै शाखा, आन्तरिक राजस्व कार्यालय, यातायात व्यवस्था कार्यालय र नापी शाखामा पनि त्यस्तै अवस्था छ ।'
लहान–१ स्थित खाद्य व्यवस्था कम्पनी लिमिटेडको गोदाममा पनि तोडफोड गरिएको छ । कार्यालयको गोदामबाट चिनी, चामल, मोटरसाइकल सिटी र रिक्सामा लोड गरी लगेका व्यक्तिहरूलाई सात दिनभित्र समान फिर्ता गर्न जिल्ला प्रशासन कार्यालय सिरहाले सार्वजनिक सूचना जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले चेतावनी जारी गर्दै भने, 'लुटेर लगेका चिनी, चामल, ल्यापटप, कम्प्युटर तथा अन्य सामानहरू फिर्ता नगरेमा सुरक्षित प्रमाणको आधारमा पक्राउ गरिनेछ । यस सम्बन्धमा प्रहरी र प्रशासन मिलेर आवश्यक कारबाही अघि बढाउनेछ ।'
स्थानीय व्यवसायी तथा नागरिकहरूले सरसफाइ अभियानलाई स्वागत गरेका छन् ।
व्यवसायी रामकृष्ण साहले भने, 'गत केही दिन व्यवसाय ठप्प थियो । सडकमा फोहोर र तोडफोडले सामान्य जनजीवन प्रभावित भएको थियो । युवाहरू सरसफाइमा जुट्नु सकारात्मक संकेत हो ।' विद्यार्थी र स्थानीय युवाहरूले पनि सरसफाइमा सक्रिय सहभागिता जनाएका छन् । उनीहरूले सडकमा फैलिएको फोहोर हटाउने, तोडफोड भएका संरचना सुधार गर्ने र कार्यालयका नष्ट भएको सामानको विवरण प्रशासनलाई उपलब्ध गराउने काममा सहयोग गरिरहेका छन् ।

# कोशी प्रदेश सभामा प्रशासनिक सेवा शुरु

**मधेशदृष्टि**
**विराटनगर ।**
जेनजी आन्दोलनका क्रममा अराजक समूहले कोशी प्रदेश सभा भवन र सचिवालयमा गरेको आगजनी र तोडफोडले प्रशासनिक कामकाज ठप्प भएपछि सचिवालयले आजदेखि प्रशासनिक सेवा पुनः सञ्चालन गर्ने निर्णय गरेको छ । मंगलबार भएको आन्दोलनमा प्रदेशसभा भवन पूर्ण रुपमा जलेको थियो भने सचिवालय परिसरमा समेत आगजनी र तोडफोड भएको थियो । प्रदेशसभा सचिवालयका सूचना अधिकारी निरोज ढकालका अनुसार मिडिया सेन्टरको कार्यकक्षमा तोडफोड भएपनि आगजनी नभएका कारण टेबल र कुर्सी राखेर प्रशासनिक काम शुरु गर्न सम्भव भएको छ । उनले भने, 'सचिवालय भवनको सरसफाइ अझै पूर्ण रूपमा भएको छैन । तर, बाहिर परिसरको सरसफाइ गरिसकिएको छ । मुचुल्का उठाएपछि सचिवालय भवनको सरसफाइ पनि पूरा हुनेछ ।' प्रदेश सभा सचिवालयका निमित्त सचिव गौतमराज अमात्यले भने, 'प्रदेश सभा भवन र सचिवालय लगभग शून्य अवस्थामा पुगेका छन् । आगलागीपछि राम्रा सामाग्री लिएर हिड्नु परेको थियो । दक्षिण पट्टीको पर्खाल भत्केको छ । हामी शून्यबाट पुनः उठ्नु पर्ने अवस्था छ ।' आगलागी र तोडफोडका क्रममा प्रदेश सभा सचिवालयका नौ वटा गाडी जलेका थिए भने नेपाल प्रहरी र सशस्त्र प्रहरीका दुई वटा सवारीसाधन पनि नष्ट भएका छन् । भुइँ तल्ला र पहिलो तलामा आगोले धेरै सामग्री नष्ट गरे पनि फर्निचर, एसी, कम्प्युटर, प्रिन्टर, स्क्यानर, मिक्सर, क्यामेरा, टिभी, कुर्सी, टेबल, सोफा र कर्मचारीका निजी सवारी साधन चोरी गरिएको सचिवालयले जनाएको छ । सचिवालयले चोरी भएको सामग्री फिर्ता गर्न सूचना जारी गर्दै भनेको छ, 'कोशी प्रदेश सभा सचिवालयमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, स्वीचर, मिक्सचर, क्यामेरा, एसी, टिभी, कुर्सी, टेबल, सोफा लगायतका सामाग्री तथा कर्मचारीका निजी सवारी साधन लुटिएको छ । यदि कसैले उक्त सामान देखे वा भेटेमा सचिवालयमा बुझाई सहयोग गर्नुहोस् । फिर्ता नभए कानुनी कारवाही हुनेछ ।' प्रदेश सभा सचिवालयले चोरी भएको सामग्री फिर्ता ल्याउन आम नागरिक र सम्बन्धित व्यक्तिहरूलाई विशेष अनुरोध गरेको छ । सिसी क्यामेरा फुटेज रहेकोले चोरीमा संलग्न व्यक्तिहरू पहिचान गरी कानुनी दायरामा ल्याउने तयारी रहेको सचिवालयले जनाएको छ । जेनजी आन्दोलनले प्रदेशका प्रशासनिक संरचना र कार्यालय सञ्चालनमा ठूलो क्षति पुऱ्याएको छ । यसकारण, सचिवालयले आइतबारदेखि मिडिया सेन्टरमार्फत सीमित प्रशासनिक सेवा शुरु गर्नुले कामकाज पुनः सञ्चालनको पहल भए पनि भवनको पूर्ण पुनर्निर्माण र चोरी फिर्ता ल्याउने काम आगामी समयको चुनौती बन्ने देखिन्छ ।

# भाटभटेनी तोडफोडमा संलग्न शिक्षक जिम्मेवारीबाट मुक्त

**मधेशदृष्टि**
**रुपन्देही ।**
जेनजी पुस्ताको प्रदर्शनका क्रममा भाटभटेनी सुपरमार्केटमा भएको अनियमितता र तोडफोडमा संलग्न देखिएका कालिका मानवज्ञान माध्यमिक विद्यालयका शिक्षक शिवशंकर शुक्लालाई विद्यालयले जिम्मेवारीबाट हटाएको छ । विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जारी गरेको सूचनामा उल्लेख छ, 'जेनजी प्रदर्शनमा यस विद्यालयका शिक्षक शिवशंकर शुक्ला सहभागी भई बुटवलको सुख्खानगरस्थित भाटभटेनी सुपरमार्केटमा भएको अनियमितामा संलग्न रहेको देखिएकाले विद्यालयको आचारसंहिता तथा नियम विपरीत कार्य गरेको ठहर गरिएकोले निज शिक्षकलाई आजैको मितिदेखि लागु हुने गरी विद्यालयबाट हटाइएको व्यहोरा जानकारी गराइन्छ ।' शिक्षक शुक्लाको संलग्नता पुष्टि भएको घटनामा सुपरमार्केटमा तोडफोड र लुटपाट भएको थियो । जेनजी प्रदर्शनको क्रममा देशका विभिन्न ठाउँमा रहेका भाटभटेनी सुपरमार्केटमा पनि आगजनी, तोडफोड र सामान चोरीको घटना भएका थिए । विद्यालय स्रोतका अनुसार शिक्षकको जिम्मेवारीबाट हटाइने निर्णयले विद्यालयको अनुशासन र आचारसंहिता कायम राख्ने उद्देश्य राखेको छ । प्रधानाध्यापक थापाले भने, 'हामीले शिक्षकहरूको आचरणमा अनुशासन कायम गर्नुपर्छ । यस प्रकारको गतिविधिमा संलग्नता देखिएमा आवश्यक कारबाही हुनेछ भन्ने स्पष्ट सन्देश दिनुपर्छ ।' स्थानीय अभिभावक र नागरिकले पनि शिक्षकहरूको अनुशासन उल्लंघनलाई गम्भीरतासाथ लिएको बताएका छन् । 'शिक्षकहरूले विद्यार्थीलाई अनुशासन र जिम्मेवारीको पाठ सिकाउनुपर्छ । तर, शिक्षक नै यस्तो अनियमितामा संलग्न भए भने त्यसले विद्यालयको प्रतिष्ठामा असर गर्छ,' स्थानीय अभिभावक रवीन्द्र थापाले भने । शिक्षक शुक्लाले हालैको घटनामा आफ्नो भूमिका पुष्टि नभएको भए पनि विद्यालय प्रशासनले तत्काल कारबाही आवश्यक ठानेको छ । यस घटनापछि विद्यालयमा अनुशासन, सुरक्षा र प्रशासनिक कार्यमा कडाइ गर्ने प्रक्रिया अघि बढाइएको विद्यालय स्रोतले जनाएको छ । जेनजी प्रदर्शनले बुटवलका विभिन्न व्यवसायिक क्षेत्र, सार्वजनिक संरचना र व्यक्तिगत सम्पत्तिमा ठूलो क्षति पुऱ्याएको छ । यस घटनासँगै शिक्षकको जिम्मेवारीबाट हटाइने कदमले स्थानीय प्रशासन, विद्यालय र आम नागरिकबीच सुरक्षा र अनुशासन कायम गर्ने प्रतिबद्धता झल्काएको छ ।

# ७५ नेपाली कैदी एसएसबीको नियन्त्रणमा

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपालमा जेनजी नेतृत्वको आन्दोलनपछि उत्पन्न अशान्तिका बीच जेल तोडेर भागेका ७५ जना नेपाली कैदीबन्दी भारत प्रवेश गर्ने क्रममा भारतीय सीमा सुरक्षा बल (एसएसबी) द्वारा नियन्त्रणमा लिइएका छन् ।
समाचार संस्था एनएनआईले भारतीय अधिकारीहरूलाई उद्धृत गर्दै कैदीहरू नेपालबाट विभिन्न नाकाहरू हुँदै भारत प्रवेश गर्ने प्रयास गरिरहेको जनाएको छ । एसएसबीले भारतीय गृह मन्त्रालय अन्तर्गतको केन्द्रीय सशस्त्र प्रहरी बलको रुपमा भारत–नेपाल सीमा सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी पाएको छ । भारतीय अधिकारीहरूले बताएअनुसार नेपाल–भारत सीमा करिब १,७५१ किलोमिटर लामो खुला सीमा हो । यसलाई सिक्किम, पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्यहरू हुँदै सघन निगरानीमा राखिएको छ । नेपालमा जेनजी आन्दोलनपछि जेल तोडफोड र कैदी फरारको घटनाले सुरक्षा चुनौती थप्दै आएको हुँदा एसएसबीले सीमा क्षेत्रमा विशेष सतर्कता अपनाएको छ । अधिकारीहरूले भने, 'सुरक्षा सघनता र नियमित निगरानीका कारण फरार कैदीहरूलाई भारत प्रवेश गर्नुअघि नियन्त्रणमा लिने काम सफल भएको छ । आवश्यक कानुनी प्रक्रिया अनुसार उनीहरूको नेपाल पठाउने प्रक्रिया अघि बढाइनेछ ।' नेपालमा भइरहेको राजनीतिक अशान्तिका बीच सीमा सुरक्षामा सतर्कता बढाइएको र फरार कैदीहरूलाई रोक्न एसएसबीले ठोस कदम चालिरहेको भारतीय अधिकारीहरूले जानकारी दिएका छन् । स्रोतका अनुसार एसएसबीले नियन्त्रणमा लिएका सबै कैदीहरूलाई तत्काल नेपालका सम्बन्धित सुरक्षा निकायको जिम्मा लगाइने छ । यसअघि पनि जेल तोडेर भागेका कैदीहरूको खोजी र पक्राउ कार्य नेपाल–भारत दुवै पक्षले सघन रुपमा अघि बढाएको छ ।

# निर्वाचन र सुशासनका अपेक्षा पूरा नभए प्रतिरोधको चेतावनी

**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अन्तरिम सरकारबाट तोकिएको फागुन २१ को आम निर्वाचन, सुशासन, भ्रष्टाचार नियन्त्रण र विकाससम्बन्धी अपेक्षा पूरा नभए प्रतिरोधका लागि तयार रहेको चेतावनी दिएको छ । रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले शनिबार जारी गरेको विज्ञप्तिमा पार्टीले आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न भई शान्तिपूर्ण सत्ता हस्तान्तरण सुनिश्चित हुनुपर्ने, लोकतान्त्रिक



अधिकारको निर्वाध अभ्यास र विधि अनुसार शासन सुधार आवश्यक रहेको जनाएको छ । महामन्त्री बुर्लाकोटीले भने, 'रास्वपा स्थापनाकालदेखि नै भ्रष्टाचार र कुशासनविरुद्ध संघर्षशील रहेको छ । जेनजी आन्दोलन चर्किँदै गएपछि भदौ २६ गते हामीले मध्यावधि निर्वाचनका लागि प्रस्ताव पेश गरिसक्यौं । आगामी प्रतिनिधिसभा निर्वाचन ६ महिनाभित्र सम्पन्न हुनुपर्छ भन्ने हाम्रो धारणा हो । यसमा ताजा मतादेश र आन्दोलनको म्यान्डेटबीच सन्तुलन आवश्यक छ ।' रास्वपाले सरकारसँग निर्वाचन सफलतापूर्वक सम्पन्न गरिने, लोकतान्त्रिक हकअधिकारको निर्वाध उपयोग सुनिश्चित गरिने, विधिमा बन्धित असल शासन अनुसार भ्रष्टाचार र दण्डहीनता नियन्त्रण गरिने, पुनर्निर्माण र आर्थिक सुधारमा तीव्रता ल्याइने, अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गरिने, गुणस्तरीय र द्रुत विकासका कार्य अघि बढाइने अपेक्षा राखेको छ । ◌ुर्लाकोटीले थपे, 'यी घोषित लक्ष्यहरूबाट सरकार च्युत भएमा रास्वपा प्रतिरोधमा उत्रनेछ । तर, समग्र राष्ट्रिय हित, एकता र सौहार्दताको प्रवर्द्धनमा हाम्रो दल सदा सहयोगी भूमिकामा रहनेछ ।' रास्वपाले अन्तरिम सरकारलाई निर्धारित समयभित्र निर्वाचन र सुशासनका अपेक्षा पूरा नगरे पार्टीले सक्रिय प्रतिरोधका कदम चाल्न तयार रहेको चेतावनी दिएको छ । साथै पार्टीले आफ्नो भूमिकालाई राष्ट्रिय हित र लोकतान्त्रिक प्रक्रियासँग मिलेर अघि बढ्ने सकारात्मक सन्देश पनि दिएको छ ।

# गौरबाहेक रौतहटमा निषेधाज्ञा र कर्फ्यु हटाइयो



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लामा सदरमुकाम गौर बाहेकका सबै क्षेत्रमा लागू गरिएको निषेधाज्ञा र कर्फ्यू शनिबारदेखि हटाइएको छ । पछिल्लो सुरक्षा अवस्थाको मूल्याङ्कनपछि जनजीवन क्रमशः सामान्य बन्दै गएको निष्कर्षसहित जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काले जिल्ला प्रशासन ऐन २०२८ को दफा ६९(ख) बमोजिम शनिबार बेलुकी ५ बजेदेखि जिल्लाभरि लागू निषेधाज्ञा र कर्फ्यू हटाइने सूचना जारी गरेका छन् । तर, गौर बजारका केही संवेदनशील क्षेत्रमा भने निषेधाज्ञा यथावत रहनेछ ।

प्रशासनका अनुसार पूर्वमा नेपाल लजदेखि पश्चिममा घण्टाघरसम्म, उत्तरमा कृषि ज्ञान केन्द्रदेखि दक्षिणमा जुद्ध माध्यमिक विद्यालयसम्मको क्षेत्रलाई निषेधाज्ञा क्षेत्रका रूपमा निरन्तरता दिइएको छ ।

स्थानीय प्रशासनले सुरक्षाको अवस्था स्थिर हुँदै गए पनि गौर बजार क्षेत्रमा अझै उच्च सतर्कता आवश्यक रहेको भन्दै त्यहाँ निषेधाज्ञा कायम राखिएको जनाएको छ । यसअघि जिल्लाभर जारी निषेधाज्ञा र कर्फ्यूका कारण जनजीवन ठप्प बनेको थियो । तर, अब अधिकांश क्षेत्रमा निषेधाज्ञा हटेसँगै जनजीवन क्रमशः सहज बन्दै गएको छ ।

# बौद्धिक वर्गको मार्गदर्शन अभावमा जनकपुरधाम अवसर गुमाउँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका स्थानीय युवाले शहरको सामाजिक, शैक्षिक र प्रशासनिक समस्याप्रति बौद्धिक वर्गको मौनता र निष्क्रियतालाई लिएर गम्भीर आक्रोश व्यक्त गरेका छन् । उनीहरूका अनुसार समाजका सचेत, पढेलेखेका र बौद्धिक भनिने व्यक्तिहरूले समयमै मार्गदर्शन र हस्तक्षेप नगरेका कारण शहरले धेरै अवसर गुमाएको छ । स्थानीय युवा हरिशंकर साहले भने, 'हामीले नेताहरूलाई मात्र दोष दिन सक्दैनौँ । जसले सही–गलत छुट्याएर समाजलाई बाटो देखाउन सक्थ्यो, त्यो वर्ग मौन बस्यो । यही मौनताले जनकपुरधामको अवस्था बिगार्यो ।' साहले स्वास्थ्य, शिक्षा, सरसफाइ र न्यायिक प्रक्रियामा देखिएका समस्याहरूको उदाहरण दिँदै थपे, 'गरिबले उपचार गर्ने एक मात्र भरोसा प्रादेशिक अस्पतालको अवस्था आज पनि दयनीय छ । परीक्षा प्रणाली ध्वस्त छ । शहरमा अहिलेसम्म ल्यान्डफिल साइट बनाउन सकिएको छैन । न्यायालयमा नेताको हस्तक्षेपले सर्वसाधारण दैनिक समस्यामा फँस्न बाध्य छन् । दलालहरूले हरेक कार्यालय भरेका छन् ।' उनका अनुसार जनकपुरधाममा बौद्धिक वर्गको कमी छैन । तर, यिनीहरूले समयमा मार्गदर्शन गर्न सकेनन्, गलतलाई रोक्न वा सुधार गर्न सक्रिय भूमिका खेल्न सकेनन् । 'यी समस्या केवल राज्यको मात्र कमजोरी होइन, बौद्धिक वर्गले बेलामा हस्तक्षेप नगर्दा पनि बढेका हुन् । राजनीतिक दलहरूले देशभन्दा पार्टी र कार्यकर्तालाई प्राथमिकता दिए । तर, यस्तो गलत निर्णय हुँदा हाम्रो बौद्धिक वर्ग किन मौन बस्यो र किन सच्याउने प्रयास गरेन?' साहले प्रश्न गरे । युवाहरूले अब जनकपुरधामका सचेत वर्गलाई सक्रिय हुन आग्रह गरेका छन् । साहले भने, 'समयले जनकपुरधामलाई पनि अघि बढ्ने मौका दिएको छ । यसपटक चुप लागेर बस्ने होइन, गलतको विरोधमा खुला रूपमा बोल्ने समय हो । बौद्धिक वर्गले समाजको दिशानिर्देशक बन्नुपर्ने जिम्मेवारी अब उनीहरूको हातमा छ ।' उनीहरूको सक्रिय सहभागिता नहुँदा स्वास्थ्य, शिक्षा, सरसफाइ र प्रशासनिक प्रणालीमा सुधार ढिला भएको र शहरको समग्र विकास प्रभावित भएको मानिन्छ ।

# जितपुरका विद्यालय र वडा कार्यालय खुल्दै



**मधेशदृष्टि**
**बारा ।**
जेनजी आन्दोलनका कारण गत मंगलबारदेखि बन्द रहेका जितपुर सिमरा उपमहानगरपालिकाका सम्पूर्ण विद्यालय र वडा कार्यालय आइतबारदेखि सञ्चालनमा आउने भएका छन् । शनिबार बिहान नगरप्रमुख राजन पौडेलको उपस्थितिमा सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालकहरूसँग भएको छलफलपछि पठनपाठन सुचारु गर्ने निर्णय भएको हो । नगरप्रमुख पौडेलका अनुसार आन्दोलनका क्रममा उपमहानगरभित्रका २४ वडा कार्यालयमध्ये ६ वटा कार्यालयमा आगजनी र तोडफोडबाट पूर्ण क्षति पुगेको छ ।

'तोडफोड भएका वडा कार्यालयबाट सेवा कसरी सञ्चालन गर्ने भन्ने विषयमा सम्बन्धित वडाध्यक्ष र वडा सचिवले निर्णय गर्नेछ,' उनले भने । आन्दोलनकारीहरूले उपमहानगरपालिकाको पञ्जीकरण, जिन्सी शाखा र राष्ट्रिय परिचयपत्रसम्बन्धी महत्त्वपूर्ण कागजात जलाइदिएकोले राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा तत्काल शुरु गर्न कठिन हुने नगरप्रमुख पौडेलले बताए । जेनजी आन्दोलन शुरु भएलगत्तै उपमहानगरपालिकाका सबै विद्यालय र वडा कार्यालय बन्द भएका थिए । करिब एक सातापछि विद्यालय र अधिकांश कार्यालय सञ्चालनमा आउन लागेका छन् भने क्षतिग्रस्त कार्यालयलाई अस्थायी रूपमा सेवा दिनेबारे निर्णय हुन बाँकी छ ।

# नौवाखोरमा जितमहान मेला विधिवत् शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक आस्था र सांस्कृतिक परम्पराको प्रतीक मानिने जितमहान मेला हंसपुर नगरपालिका–७ नौवाखोरमा शनिबारदेखि विधिवत् प्रारम्भ भएको छ । स्थानीय महिलाहरूको सहभागितामा सरोवरको जलसहित कलश शोभायात्रा निकाल्दै गाउँ परिक्रमा गरिएको र अन्त्यमा जितमहान मन्दिरमा कलश स्थापना गरी पूजाआराधना गरिएको छ । आमा, दिदीबहिनीहरूले आफ्नो सन्तान तथा घरपरिवारको सुख, शान्ति, दीर्घायु र समृद्धिको कामना गर्दै भगवान जितमहानसँग आशीर्वाद लिएका थिए । धार्मिक परम्परा अनुसार कलश स्थापनापश्चात् विशेष समारोहमार्फत मेलाको औपचारिक उद्घाटन गरिएको हो । मेलाको उद्घाटन स्थानीय समाजसेवी रामज्ञान मण्डलले रिबन काटेर गरेका हुन् । यस अवसरमा मेला समितिका अध्यक्ष रामप्रकाश मण्डल, सचिव ललन मण्डल, निवर्तमान वडाध्यक्ष रामसेवक मण्डल, वडासदस्य सुनिल मण्डल, सविर मण्डल, उपेन्द्र साहलगायत स्थानीय बुद्धिजीवी, समाजसेवी, युवा, महिला, किसान र मजदुरहरूको उल्लेख्य उपस्थिति रहेको थियो । समारोहमा बोल्दै उद्घाटनकर्ता मण्डलले आफूलाई अवसर दिएकोमा मेला समिति र सम्पूर्ण गाउँवासीप्रति आभार व्यक्त गर्दै जितमहान मेलाले नौवाखोरको सामाजिक एकता, धार्मिक सहकार्य र सांस्कृतिक पहिचानलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरे । जितमहान मेलालाई नौवाखोरलगायत आसपासका बासिन्दाले विशेष आस्थाका साथ मनाउने परम्परा रहिआएको छ । मेलाले धार्मिक विश्वाससँगै सामाजिक सद्भाव, एकता र सहकार्यलाई सुदृढ बनाउने स्थानीयवासीको भनाइ छ । मेला समितिका अध्यक्ष रामप्रकाश मण्डलका अनुसार यस वर्ष मेलामा धार्मिक अनुष्ठानसँगै विभिन्न सांस्कृतिक कार्यक्रमहरू पनि हुनेछन् । 'जितमहान मेलाले हाम्रो धार्मिक आस्था मात्र नभई गाउँकै एकता र सहकार्यलाई मजबुत बनाउने काम गर्छ,' उनले भने । मेलाको क्रममा भगवान जितमहानको कृपाले बालबालिकादेखि वृद्धसम्म सबैलाई सुख, शान्ति, दीर्घायु र समृद्धि प्राप्त होस् भन्ने कामना गरिएको छ ।

# जनकपुरधामसहित धनुषाको जनजीवन सामान्य हुँदै

**जनकपुरधाम ।**
जेनजीको प्रदर्शन तथा आन्दोलनका कारण तनावग्रस्त रहेको मधेश प्रदेशको राजधानी जनकपुरधामसहित धनुषाको जनजीवन सामान्य बन्दै गएको छ । साथै सुरक्षा व्यवस्थामा क्रमिक सुधार हुँदै गएको छ । शनिबारदेखि जनकपुरधामको बजारका पसल खुल्न थालेका छन् । साथै बजारमा किनमेलका लागि चहलपहल बढेको छ । जानकी मन्दिरमा पूजापाठ र दर्शन गर्नेको सङ्ख्या बढ्दै गएको त्यहाँका पुजारीले जनाएका छन् । साथै बजारमा सरकारी गाडीबाहेक निजी तथा भाडाका ठूला र साना सवारीसाधन चल्न थालेका छन् । आन्दोलनकारीबाट तोडफोड तथा आगजनी भएका जिल्ला प्रशासन कार्यालय धनुषासहित सरकारी कार्यालय तथा सार्वजनिक भवन एवम् मधेश प्रदेश भवनअन्तर्गत रहेका प्रदेश मन्त्रालयका भवनको सरसफाइ भइरहेको छ । असुरक्षाका कारण खाली भएका प्रहरी चौकीमा सुरक्षाकर्मी फर्किन थालेका छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषाले सुरक्षाको अवस्था सामान्य हुँदै गएकाले आइतबारबाट सार्वजनिक सेवा अनिवार्य रुपमा सञ्चालन गर्न सूचना जारी गरेको छ । साथै आ–आफ्नो कार्यालयको क्षति विवरण सङ्कलन तथा प्रमाणित गरी अभिलेख कायम गर्न अनुरोध गरेको सूचनामा जनाइएको छ । जिल्ला प्रशासन कार्यालयको सबै सेवा शुरु भए पनि राहदानी तथा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा हाल सञ्चालन नहुने सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालद्वारा सूचनामा उल्लेख गरिएको छ । सार्वजनिकस्थल तथा सार्वजनिक कार्यालयमा कुनै अप्रिय घटना हुन नदिनका लागि सुरक्षा व्यवस्था कडा पारिएको छ । नेपाली सेनासहित नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको टोली बजारका विभिन्न स्थानमा खटिएका छन् । जेनजीको आन्दोलनमा करिब दुई दर्जनभन्दा बढी सरकारी तथा सार्वजनिक र राजनीतिक दलका नेता तथा पार्टीका कार्यालयमा आगजनी र तोडफोड गरिएको छ । रासस

# कारागारबाट फरार कैदी मृत फेला

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराज कारागारबाट गत भदौ २५ गते भागेका एक कैदी मृत अवस्थामा फेला परेका छन् ।

सप्तकोसी नगरपालिका–१० सन्तपुर निवासी ४० वर्षीय सन्तोष तामाङ शनिबार विहान सप्तरीको राजगढ गाउँपालिका–३ नर्घोमा झुन्डिएको अवस्थामा मृत भेटिएका हुन् । सप्तरीका प्रहरी प्रबक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्रकुमार बस्नेतले भने, 'फरार सन्तोष तामाङलाई स्थानीयले झुन्डिएको अवस्थामा फेला पारेका हुन् ।

उनको शव स्थानीय मुचुल्कासहित कानुनी प्रक्रिया पुरा गरेर परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा ल्याइएको छ । आफन्तहरूसँग सम्पर्क गर्ने कार्य पनि भइरहेको छ ।' तामाङ कर्तव्य ज्यानको मुद्दामा २०७५ सालदेखि राजविराज कारागारमा थिए । उनलाई २५ वर्ष कैद सजाय तोकिएको थियो । उनले सात वर्ष जेल भोगिसकेका थिए । सप्तरी कारागारमा गत बुधबार अचानक आगजनी भएको थियो र मुख्य ढोकाको ताल्चा फुटाएर करिब २ सय ५ जना कैदीबन्दी फरार भएका थिए ।

कारागारमा पुरुष कैदीबन्दीका लागि 'ए' र 'बी' गरी दुई ब्लक र महिला कैदीबन्दीका लागि छुट्टै ब्लक गरी कुल ३ सय ९७ जना कैदीबन्दी रहेका थिए । फरार भएका कैदीबन्दीमध्ये सन्तोष तामाङको मृत फेला पर्नु कारागार व्यवस्थापन र सुरक्षा निकायका लागि चुनौतीको रूपमा देखिएको छ । प्रहरी नायव उपरीक्षक बस्नेतले बताएअनुसार फरार कैदीहरूबारे प्रहरी टोली र स्थानीय प्रशासनले व्यापक खोजी थालेका छन् । मृतकको घटनाले अन्य फरार कैदीको सुरक्षा अवस्था र समुदायमा सतर्कता आवश्यक भएको देखाउँछ । स्थानीयवासी र सुरक्षा अधिकारीहरूको प्रारम्भिक विवरणअनुसार सन्तोष तामाङले आफ्नो फरार अवस्थाको समयमा कठिनाइ भोग्दै आएका थिए । प्रहरी स्रोतका अनुसार मृतकले आफ्नै जीवन अन्त्य गरेको प्रारम्भिक निष्कर्ष निकालिएको छ । तर, पूर्ण छानबिनपछि मात्र वास्तविक कारण सार्वजनिक गरिनेछ ।

# गौर कारागारबाट अझै २०० फरार

**मधेशदृष्टि**
**रौतहट ।**
सदरमुकाम गौर कारागारबाट भागेका कैदीबन्दीलाई पक्राउ गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त अभियान जारी छ ।

प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काका अनुसार अहिलेसम्म ४७ जना कैदी पक्राउ परेका छन् भने भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले १७ जनालाई नियन्त्रणमा लिएर नेपाल पठाइसकेको छ । गौर कारागारमा सजाय भुक्तान गरिरहेका २९१ कैदीमध्ये हाल ९१ जना मात्रै कारागारमै रहेका छन् । सिडिओ खड्काले बताएअनुसार अझै करिब २०० जना फरार छन् । सिडिओ खड्काले फरार कैदीलाई तत्काल आत्मसमर्पण गर्न आग्रह गर्दै भने, 'असहज परिस्थितिको मौका छोपी कारागारबाट भागेका कैदीबन्दी जहाँ भए पनि तुरुन्त उपस्थित भई राज्यलाई सहयोग गर्नुपर्छ । नत्र कानुनअनुसार थप कारबाहीको दायरामा पर्नेछन् ।'

उनी स्थानीय जनतालाई पनि अभियानमा सहयोग गर्न आग्रह गर्दै, 'गाउँ–टोल, छिमेकमा लुकेर बसेका फरार कैदीबारे यथेष्ट जानकारी सुरक्षा निकायलाई उपलब्ध गराउन आवश्यक छ,' उनले भने । हाल रौतहटको समग्र अवस्था सामान्यतर्फ उन्मुख रहेको र सदरमुकामसहित चन्द्रपुर क्षेत्रमा शान्ति कायम गर्न सुरक्षाकर्मी सक्रिय रहेको सिडिओ खड्काले जानकारी दिए ।

सदरमुकाम गौरमा निषेधाज्ञा अझै कायम रहेकाले अत्यावश्यक कामबाहेक घरमै बस्न सुरक्षा निकायले स्थानीयलाई अनुरोध गरेको छ । सिडिओ खड्काले नागरिकलाई शान्ति र सुरक्षा कायम राख्न सुरक्षा निकायसँग सहयोग गर्नु सबैको साझा दायित्व भएको स्मरण गराएका छन् ।

## सम्पादकीय

# पुनर्निर्माणमा जुटौँ, द्वन्द्व घटाउँदै लैजाऔँ

*भदौ २३ र २४ गते देशमा नयाँ र युवा पुस्ताले भ्रष्टाचाररहित मुलुकको कल्पना गर्दै गरेको आन्दोलन हिंसात्मक बन्दा आन्दोलन आयोजक जेन्जी समूहले पनि ठूलो क्षति भोग्नु परेको छ। देशमा खर्बौं रुपैयाँको सम्पदा खरानी भएको छ। आन्दोलनमा घुसपेठ भएको भन्दै अनेक टिकाटिप्पणी भइरहेको छ। यता, राष्ट्रिय सम्पदा खरानी हुँदा प्रधानमन्त्रीले समेत गृहमन्त्रीको च्याम्बरबाट सेवा दिनु पर्ने अवस्था बनेको छ। यो अकल्पनीय क्षतिमा राजनीतिक दलहरुको घमण्ड र युवा पुस्ताभित्रका अराजक गतिविधि दोषी छ। आन्दोलनका नाममा दलहरुका नेताहरुको निबासलाई निशाना बनाइएको छ। यो निशाना व्यक्ति हेरेर केन्द्रित भएको देखिएको छ। स्थानीय राजनीतिमा सुसुप्त रहेको कुण्ठा, आरिस, द्वेष र प्रतिशोधले काम गरेको देखिएको छ। अर्कोतिर आन्दोलनका नाममा भएको गुण्डागर्दी र लुटपाटले आर्थिक अवस्था अरु जर्जर बनेको छ। युवा पुस्तालाई व्यवस्था नै गयो भन्ने पारिएको छ। त्यस्तो त होइन। फेरि पनि चाडपर्वले छपक्कै छोएको छ। विश्वकर्मा पूजासँगै यसपटक पुनर्निर्माणको प्रतिवद्धताको मुठ्ठी कसेर आरम्भ गर्नु पर्ने देखिएको छ। अब समाजमा सबै मिलेर अघि बढ्ने वातावरण बनाउने काममा सबै लाग्नु जरुरी छ। अहिलेको आवश्यकता यही नै हो।*

# ‘जेन्जी’को रोजाइमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीले गर्नुपर्ने काम



**अशोक दाहाल**

‘जेन्जी’ आन्दोलनको मागअनुसार नयाँ प्रधानमन्त्री बनेकी सुशीला कार्कीले आफ्नो कार्यालय चलाउने ठाउँ पनि प्रदर्शनमा क्षति हुनबाट बाँकी रहेको सरकारी भवनमा खोज्नुपर्ने बाध्यता छ। दशकौँदेखि प्रधानमन्त्रीहरूले निवासका रूपमा प्रयोग गर्दै आएको बालुवाटारको सरकारी आवास पनि आन्दोलनका क्रममा जलेको छ।

नयाँ निर्वाचन गराउने सर्तसहित नियुक्त हुने प्रधानमन्त्रीले प्रदर्शनकारीहरूको आगजनी र तोडफोडमा परेका सरकारी संरचनाको पुनर्निर्माण थालनीसहित ‘जेन्जी’को माग सम्बोधन हुने गरी राज्यका कैयौँ निकायहरूको पुनर्संरचना पनि गर्नुपर्ने आवश्यकता रहेको जानकारहरूले औँल्याएका छन्। नवयुवा तथा विद्यार्थीहरूले गैरदलीय व्यक्ति प्रधानमन्त्री बनाउन सिफारिस गरेका कारण अबका प्रधानमन्त्रीलाई दलीय नेतृत्व भन्दाफरक किसिमको चुनौती र अवसर हुने जानकारहरू बताउँछन्।

**‘जेन्जी’को माग के छ ?**

‘जेन्जी’ अभियानकर्मीहरूले अन्तरिम सरकारले छ महिनाअगावै चुनाव गर्नुपर्ने माग अघि सारेका छन्। ‘जेन्जी’का विभिन्न समूहका माग सङ्कलन गरेर तयार गरिएको एउटा सार्वजनिक दस्ताबेजमा अन्तरिम सरकारले गर्नुपर्ने कामहरू तोकिएको छ। त्यसको पहिलो बुँदामा छ महिनाभित्र निर्वाचन गर्ने सर्त राखिएको छ।

‘जेन्जी’का प्रदर्शनकारीहरूले आगामी निर्वाचनअघि संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गरिनुपर्ने माग पनि अघि सारेका छन्। संसद् विघटन भए संविधान संशोधन कसरी गर्ने भन्नेबारे अन्योल देखिने हुँदा नयाँ प्रधानमन्त्री नियुक्तिको प्रक्रिया लम्बिँदै गएका विवरणहरू आएका थिए।

‘जेन्जी’ युवाहरूले भ्रष्टाचारको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्ने र भ्रष्टाचारको आरोप लागेका नेताहरूको सम्पत्ति रोक्का राख्ने काम गर्नुपर्ने काम अन्तरिम प्रधानमन्त्रीलाई तोकेका छन्। उनीहरूले आन्दोलनका क्रममा मारिएका विद्यार्थी तथा युवाहरूलाई शहीद घोषणा गर्न, घाइतेहरूको उपचार र घुसपैठको छानबिन गरी कारबाही गर्नुपर्ने कार्यभार आगामी सरकारलाई तोकेका छन्। प्रदर्शनमा उत्रिएको समूहले राज्यबाट भएका हिंसा र दमनको अनुसन्धान र तटस्थ निकाय गठन गर्न पनि माग गरेका छन्।

‘जेन्जी’का प्रतिनिधिसँग समेत सम्पर्कमा रहेको बताउने पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई देशमा शान्तिसुव्यवस्था फर्काउनु नै अब नियुक्त हुने प्रधानमन्त्रीको पहिलो काम हुने बताउँछन्। यसअघि संविधानसभा विघटन हुने अन्तिम समयमा प्रधानमन्त्री रहेका भट्टराईको कार्यकालमा पनि प्रदर्शन र आन्दोलन चर्किएको थिए। तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम सरकारको कार्यभार हस्तान्तरण गरेर बाहिरिएका भट्टराईले अहिलेको राजनीतिक अवस्थाबारे सामाजिक सञ्जालमार्फत् पनि सुझावहरू दिइरहेका छन्।

‘यो सामान्य सरकार परिवर्तन मात्रै होइन। संविधानभित्रै हुने राजनीतिक परिवर्तन भनेको देशभित्रकै राजनीतिक अजेन्डा के हुन् र युवाहरूको देशको चाहना के हो भन्ने हो,’ भट्टराई भन्छन्। ‘पहिलो कुरा त भ्रष्टाचार र राज्य दोहन गर्ने प्रवृत्ति बढेर गयो। पुराना नेताले पटकपटक भन्दा पनि सम्बोधन गर्न नसकेका कारण विस्फोट भएको हो। त्यसकारणले आर्थिक, सामाजिक रूपान्तरण र सुशासन प्रत्याभूति गर्ने कुरामा मुख्य जोड लगाउनुपर्छ।’ तर पूर्वप्रधानमन्त्री भट्टराई ‘जेन्जी’ पुस्ताको माग र चाहना सम्बोधन गर्न पुरानो पुस्ताका व्यक्तिहरूलाई निकै कठिन हुन सक्ने बताउँछन्।

‘छोटो अवधिमा निर्वाचन गराउने भनेका छन्। अब पुरानो दल, पुरानो नेतृत्व र पुरानो संसद्ले काम नगर्ला तर संविधानमा टेकेर चाहिँ जानुपर्छ,’ उनी भन्छन्। ‘जेन्जी’का नवयुवाहरूको मागअनुसार भ्रष्टाचार नियन्त्रणसँगै सुशासन कायम गर्नु पनि अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी हुने भट्टराई बताउँछन्। त्यससँगै प्रदर्शनका क्रममा भएको मानवीय र भौतिक क्षतिको पुनर्निर्माण थाल्नुपर्ने उनको ठहर छ।

‘जुन जनधनको क्षति भएको छ, त्यसमा मलहम लगाउने कुरा, भत्किएका संरचनाको पुनर्संरचना गर्ने तात्कालिक व्यावहारिक कुरा पनि छन्,’ बीबीसी न्यूज नेपालीसँग भट्टराई भन्छन्। ‘मुख्य कुरा नेपाली राजनीतिले नै पुनर्संरचना खोजेको र मुख्य राजनीतिक दल तथा नेतृत्वप्रति नै आक्रोश भएको हुनाले त्यसलाई सम्बोधन गर्ने नै मुख्य दायित्व र चुनौती हुन्छ।’ प्रदर्शनको पहिलो दिन भदौ २३ गते सुरक्षा निकायबाट भएको बल प्रयोगका कारण ठूलो संख्यामा किशोर तथा युवायुवतीहरूको ज्यान गएका कारण आक्रोश जन्मिएको उनी बताउँछन्। त्यही आक्रोशको पृष्ठभूमिमा दोस्रो दिनको प्रदर्शनमा ‘गलत तत्त्वहरू पनि प्रदेश गरेको’ हुन सक्ने र अब बन्ने सरकारले त्यसको पनि छानबिन गरेर विश्वास आर्जन गर्नुपर्ने उनी बताउँछन्।

‘त्यसबारे गहिरो छानबिन गर्नुपर्छ,’ उनी भन्छन्। अन्तरिम प्रधानमन्त्रीलाई देशैभरि र विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रमा सङ्गठन भएका राजनीतिक दलहरूका स्वार्थ पनि चुनौती हुन सक्ने भट्टराईले सुझाव दिएका छन्।

‘राजनीतिक दलहरूका स्वार्थ, आकाङ्क्षा र प्रतिशोध एकापट्टि र अर्कापट्टि दक्षिण, उत्तर, पश्चिमका शक्तिहरूलाई सन्तुलन मिलाएर लानुपर्ने भूराजनीतिक अवस्था छ। त्यसका निम्ति सबैले स्वीकार गर्ने लोकतान्त्रिक व्यक्तिकै आवश्यकता पर्छ,’ भट्टराईले भने। यसअघि अर्थमन्त्री समेत भइसकेका भट्टराई राज्य संयन्त्रमा रहेको बिचौलियाहरूको चलखेल रोक्न पनि आगामी प्रधानमन्त्रीहरूलाई चुनौती हुन सक्ने आकलन गर्छन्।

यसअघि आफू प्रधानमन्त्री हुँदा अन्तरिम संविधान रहेको र नयाँ संविधान बन्ने क्रममै रहेका कारण संवैधानिक चुनौती नभए पनि अहिले नियुक्त प्रधानमन्त्रीलाई संविधान हेरफेरको चुनौती रहेको भट्टराई बताउँछन्।

**कर्मचारीतन्त्रको परिचालन**

कतिपयले राजनीतिक आस्थाबाट प्रभावित हुँदै आएको आरोप लाग्दै आएको कर्मचारीतन्त्र पनि अन्तरिम प्रधानमन्त्रीका लागि चुनौती हुन सक्ने औँल्याएका छन्। यसअघि मुख्यसचिव रहिसकेकी लीलादेवी गड्तौला कर्मचारीतन्त्रले राजनीतिक आस्थाका आधारमा सहयोग वा असहयोग गर्ने आरोपमा सत्यता नभएको बताउँछिन्। ‘कर्मचारीतन्त्रले जो आए पनि सहयोग नै गर्छ। अनुभवी व्यक्ति आउँदा कर्मचारीतन्त्रले काम गर्न सहज महसुस पनि गर्छ,’ उनले भनिन्। उनले अन्तरिम प्रधानमन्त्रीलाई कतिपय कामहरू शून्यबाट शुरू गर्नुपर्ने अवस्था रहेको र त्यसका लागि सहयोगी किसिमको मन्त्रिपरिषद् आवश्यक पर्ने बताइन्।

# को हुन् सुशीला कार्की ?

**भेषराज बस्नेत**

करिब १० वर्षअघि नेपालको पहिलो महिला प्रधानन्यायाधीशका रूपमा नियुक्त भएकी सुशीला कार्कीको नाम अहिलेको विषम परिस्थितिमा नेपालको अन्तरिम सरकारको नेतृत्वका लागि ‘जेन्जी’ आन्दोलनकारी पक्षहरूबाट अगाडि सारिएको छ। भदौ २३ गते भएको जेन्जी आन्दोलनपछिका घटनाक्रममा उनलाई जेन्जी आन्दोलनकारीहरूले भर्चुअल मतदानको परिणामबाट अगाडि सारेको बताइएको थियो। आन्दोलनका क्रममा १९ जनाको ज्यान गएको थाहा भएको भोलिपल्ट उनी आफैँ प्रदर्शनस्थल बानेश्वर पुगेकी थिइन् र अस्पतालमा उपचाररत घाइतेहरूलाई भेट्न पुगेकी थिइन्।

विराटनगरस्थित नेपाली कांग्रेसको कोइराला परिवारसँग निकट रहेको पारिवारिक पृष्ठभूमिमा जन्मिएकी उनले नेपाली कांग्रेसकै तत्कालीन नेता दुर्गा सुवेदीसँग विवाह गरेकी थिइन्। वकिलबाट प्रधानन्यायाधीशसम्मको यात्रामा श्रीमान्को साथ र इमानदारिताको ठूलो भूमिका रहेको उनले बताउने गरेकी छन्। प्रधानन्यायाधीशका रूपमा करिब ११ महिनाको कार्यकालमा महाभियोगको घटना समेत बेहोरेकी उनी विवादरहित भने हुन सकेकी थिइनन्।

उनी अवकाशपछिका वर्षहरूमा भ्रष्टाचारविरोधीलगायत विभिन्न न्यायिक र सामाजिक मुद्दामा निरन्तर सार्वजनिक मञ्चहरूमा देखिँदै आएकी थिइन्। र उनका केही अभिव्यक्तिहरू बेलाबेला विवादमा पनि पर्ने गरेका छन्।

नेपालमा न्यायालय स्थापना भएको ६५ वर्षभन्दा लामो इतिहासमा पहिलो महिला प्रधानन्यायाधीश बनेकी उनी औपचारिक नियुक्तिपछि नेपालमा प्रजातन्त्र आएको ७५ वर्षमा पहिलो महिला प्रधानमन्त्री (अन्तरिम सरकार प्रमुख) हुने छिन्।

उनी प्रधानन्यायाधीश बन्न लाग्दा नयाँ संविधान जारी भएको लामो समय भएको थिएन र त्यतिबेला न्यायपालिकामा उच्च अदालत गठनलगायतका प्रशासनिक चुनौतीहरू पनि रहेका थिए। त्यसबाहेक सर्वोच्च अदालतमै पनि वर्षौंदेखिका विचाराधीन मुद्दाको संख्या उच्च रहेका र न्यायाधीशको संख्या न्यून भएका बेला उनी न्यायपालिकाको नेतृत्वमा पुगेकी थिइन्।

यी विभिन्न कारणले उनीमाथि चुनौती अत्यन्तै रहेको उनका पूर्ववर्तीहरूले पनि बताएका थिए। केही विवादबाहेक उनको कार्यकालमाथि आम सर्वसाधारणले भने त्यति प्रश्न उठाएका थिएनन्। तर अहिले भने अनुमान नगरिएको परिस्थितिमाझ निकै प्रतिकूल अवस्थामा उनी अन्तरिम सरकारको नेतृत्वमा पुग्न लागेकी बताइएको छ।

विराटनगरमा जन्मिएकी ७३ वर्षीया उनले भारतको बनारस हिन्दू विश्वविद्यालय र नेपालमा त्रिभुवन विश्वविद्यालयमा अध्ययनपश्चात वकालत पेशामा प्रवेश गरेकी हुन्। ती दिनमा महिलाले कानून पढ्नु र वकालत गर्ने भन्ने कुरा असामान्य रहेको बताइन्छ। तीन दशकभन्दा लामो समयमा विराटनगर र धरानमा सक्रिय वकालत गरेपछि उनी न्यायाधीशका रूपमा सिधै सर्वोच्च अदालत प्रवेश गरेकी थिइन्।

तत्कालीन प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले ‘सुशीला कार्कीमा क्षमता देखेर नै सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको’ बताएका थिए। न्यायाधीशका रूपमा कांग्रेस नेता जेपी गुप्ता बहालवाला सञ्चारमन्त्री रहेकै बेला भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेपछि सुशीला कार्कीको चर्चा हुन थालेको थियो। भ्रष्टाचारका मुद्दा प्रायः आफ्नो इजलासमा पारिदिने गरेको अभिव्यक्ति पनि कार्कीले बीबीसीसँग यसअघिको अन्तर्वार्तामा दिएकी थिइन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीविरुद्धको मुद्दामा फैसला पुनरावलोकन गर्न भनी दिएको निवेदनमा सुशीला कार्कीले मुद्दा ब्यूँतिने गरी निस्सा हुने आदेश दिएकी थिइन्। त्यसपछिको उनी बाहेकका तीन न्यायाधीशको पूर्ण इजलासले लोकमानसिंह कार्की पदमुक्त हुने निर्णय गरेको थियो। सुशिला कार्कीले लोकमान सिंह कार्कीको मुद्दाको पुनरावलोकन हुने भनेर ब्यूँताइदिने निर्णयले त्यतिबेला खुबै चर्चा पाएको थियो।

उनीमाथि महिलामाथि सकारात्मक विभेद गरेर न्याय सम्पादन गर्ने गरेको भन्ने आरोपहरू पनि लाग्ने गरेका थिए।

**विवाद र चर्चा**

संसदमा उनीविरुद्ध तत्कालीन सत्ता गठबन्धन (नेपाली कांग्रेस र माओवादी केन्द्र) का सांसदहरूले



महाभियोग प्रस्ताव दर्ता गरेलगत्तै उनी प्रधानन्यायाधीशको पदबाट निलम्बनमा परेकी थिइन्। तर सर्वोच्चकै आदेशबाट महाभियोग प्रस्ताव निष्प्रभावी भन्दै तत्कालीन न्यायाधीश चोलेन्द्र शमशेर राणाले अन्तरिम आदेश दिएका थिए।

न्यायाधीश नियुक्त गर्दा उनले राजनीतिक व्यक्तिलाई ठाउँ दिएको र निस्पक्ष निर्णय गर्न नसकेको भन्ने उनीमाथि आरोप लागेको थियो। खिलराज रेग्मी प्रधानन्यायाधीश रहेकै बेला मन्त्रिपरिषद् अध्यक्ष बन्न गएको विषयमा सुशीला कार्की र तत्कालीन प्रधानन्यायधीश कल्याण श्रेष्ठले अन्तरिम संविधानको मर्म विपरित रेग्मीलाई मन्त्रीपरिषदको अध्यक्ष बनाएको राय दिएका थिए। त्यतिबेला बहालवाला प्रधानन्यायाधीश कार्यपालिका प्रमुख भएर गएको भन्दै त्यो शक्तिपृथकीकरणको सिद्धान्त विपरित हुने भन्दै आलोचनाहरू भएका थिए।

सुशीला कार्कीको त्यही निर्णयलाई उल्लेख गर्दै अहिले उनी अन्तरिम सरकारको नेतृत्व गर्न जाँदा कतिपय मानिसहरूले उनको आलोचना पनि गरेका छन्।

तर केहीले भने बहालवाला प्रधानन्यायाधीश कार्यपालिका प्रमुख हुन जानु र अवकाश पाइसकेपछि आन्दोलनकारीहरूको मागको विशिष्ट परिस्थितिमा अन्तरिम सरकारको प्रमुख बन्न जानुमा फरक भएको तर्क गरेका छन्।

समर्थन र विवाद दुवैका प्रसंगका माझ पनि भ्रष्टाचारविरुद्ध कडा सन्देश दिने छविका कारण कठिन परिस्थितिका बेला समाधानको बाटो देखाइदिने भूमिकामा रहेर काम गर्न उनका सामु लागि सम्भवतः अहिलेसम्मकै सबैभन्दा ठूलो चुनौती र अवसर रहेको बताइन्छ।

# पर्यटन क्षेत्रमा २५ अर्बको नोक्सानी
## छिट्टै पुनःरुत्थान हुने विश्वास

**–सिबी अधिकारी**

सुशासनलगायत विभिन्न मुद्दासहित जेनजीले गरेको प्रदर्शनका कारण मुलुकले अपूरणीय क्षति बेहोर्यो। केही मानवीय क्षति भयो।

राज्यका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि भौतिक आक्रमण र चौथो अङ्ग भनिने पत्रकारिता क्षेत्रमाथिको आक्रमणले मुलुकलाई कमजोर बनाउने प्रयास भयो। केही निजी सम्पत्तिमा पनि नराम्ररी क्षति पुग्यो। अहिले पनि अस्पतालमा ठूलो सङ्ख्याका घाइते प्रदर्शनकारी उपचाररत छन्।

भदौ २३ र २४ गते भएको प्रदर्शनले मुलुकको भौतिक संरचना, मानवीय क्षतिमात्र भएन अन्तरराष्ट्रिय पहिचान र शाखाको रूपमा रहेको मुलुकको पर्यटन क्षेत्रमा पनि नकारात्मक असर पर्यो। पर्यटकीय सिजन सुरु हुनै लाग्दाको विकसित परिस्थितिले पर्यटनलाई थिलथिलो बनायो। कयौँ पर्यटकीय पूर्वाधारमा क्षति पुग्यो।

आगामी पर्यटकीय सिजनका लागि आएको विदेशी नागरिकको बुकिङ केही प्रतिशत रद्द भए। यसले पर्यटन क्षेत्रमा एक खालको अन्यौलता सिर्जना भयो। भूकम्प, नाकाबन्दी, कोरोना महामारीले शिथिल बनेको मुलुकको पर्यटन विस्तारै पुरानै लयमा फर्किएको थियो। पछिल्लो विकसित परिस्थितिले पुनः पर्यटन क्षेत्रलाई झस्काएको छ। तर, कालोबादलभित्र चाँदीको घेरादेखिएझै पर्यटन क्षेत्रमा अझै आशाका किरण प्रसस्त छन्। र फेरि मुलुकको पर्यटन उठ्ने छ। विगतका विपदजस्तो अवस्था नरहेकाले पर्यटन क्षेत्र विस्तारै चलायमान बन्ने विज्ञ एवं सरोकारवालाको विश्वास छ।

पूर्वअर्थसचिव रामेश्वर खनालले नेपालको पर्यटन क्षेत्र छिट्टै पुनःरुत्थान हुने आशा व्यक्त गर्नुभयो। ‘पहिलो कुरा पर्यटकलाई थ्रेट छैन। अब, नकारात्मक हैन सकारात्मक प्रचार–प्रसार गर्न जरुरी छ,’ पूर्वसचिव खनालले भन्नुभयो, ‘विगतका विपद्जस्तो पनि हैन अहिलेको अवस्था। जुन मुलुकबाट ट्राभल एडभाइजरीका कारणले घट्ने संख्या चाही ज्यादै सानो छ। मुख्य स्रोत बजार भारत र चीन हो। पर्यटकीय सिजन पनि सुरु हुनै लागेकाले केही पूर्वाधारमा मात्रै क्षति भएको छ। पदयात्रा, धार्मिक तथा साहसिक पर्यटनमा कुनै असर छैन। यो अवस्था चाँडै सुधार हुन्छ।’ खनालले यस प्रदर्शनले अर्थतन्त्रमा ठूलो योगदान दिएका क्षेत्रहरू रेमिट्यान्स, कृषि र पर्यटनमा ठूलो समस्या नपारेकाले रिकभर हुन पनि धेरै समय नलाग्ने बताउनुभयो।

अर्थशास्त्री डा समिर खतिवडाले एकाध पर्यटकीय पूर्वाधारमा क्षति पुगे पनि पर्यटन क्षेत्र अझै सम्भावना भएको क्षेत्र भएको बताउनुभयो। उहाँले भन्नुभयो, ‘अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र पर्यटनमा ठूलो सम्भावना छ, यद्यपि विदेशी पर्यटकको प्रवेश विन्दु त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा समस्याका कारण केही पर्यटक निरुत्साहित हुन्छन् कि भन्ने भय भने विद्यमान छ, सरकारले अन्तरराष्ट्रिय जगतमा सकारात्मक प्रचारप्रसार गर्न आवश्यक छ।’

अर्थशास्त्री खतिवडाले पर्यटनको आम्दानीमा केही ह्रास आए पनि पर्यटन क्षेत्र चाँडै पुनःरुत्थान हुने विश्वास व्यक्त गर्नुभयो। ‘विगतमा पनि विपद्पछि चाँडै पुनःरुत्थान भएको अनुभव छ। यसलाई चाँडो पुनःरुत्थानका लागि प्राथमिकता दिनुपर्छ। जेनजी प्रदर्शनले नेपाललाई कोर्स करेक्सनको अवसर दिएको छ। सुशासनयुक्त समाज निर्माणका लागि सन्देश पनि दिएको छ।’

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको पर्यटन पुनःरुत्थानका लागि पहल थालिएको बताउनुभयो। उहाँले पर्यटन पुनःरुत्थानलाई कसरी प्रभावकारी बनाउने भनेर यस क्षेत्रका अगुवा सङ्गठनहरूसँग छलफल गरेर ‘ड्राफ्ट प्लान’ बनाएको र यो छिट्टै प्रस्तुतीकरण हुने जानकारी दिनुभयो। सिइओ जोशीले भन्नुभयो, ‘पर्यटन पक्कै पनि फेरि उठ्ने छ। विगतको अनुभवका आधारमा तथा पर्यटनसँग आवद्ध अन्तरराष्ट्रिय सङ्घ संस्थाहरूको सहयोगमा चाँडै नेपालको पर्यटन पुनःरुत्थान हुनेछ।’

उहाँका अनुसार अहिले नेपालमा करिब १५ हजार विदेशी पर्यटक रहेका छन्। उनीहरूमध्ये अधिकांश गन्तव्यमा छन्भने कतिपय पर्यटक यात्रा सकेर स्वदेश फर्किने प्रतीक्षामा छन्। नेपालमा रहेका पर्यटकलाई कुनै पनि नकारात्मक धारणा नबनोस भनेर बढी प्राथमिकता दिइएको छ। बोर्डले जेनजीको प्रदर्शनका क्रममा होटल र पर्यटन क्षेत्रमा के कस्तो क्षति पुगेको छ समग्रमा अध्ययनको काम पनि अघि बढाइएको उहाँले बताउनुभयो।

बोर्डको तथ्याङ्कअनुसार सन् २०२५ को सेप्टेम्बरमा साढे २५ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन्। अघिल्लो अगष्टमा ८८ हजार ६८० पर्यटक आगमन भएको थियो। सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०२३ मा १० लाख १४ हजार पर्यटक नेपाल भित्रिए। हालसम्म सबैभन्दा बढी सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक नेपाल आएका थिए।

होटल सङ्घका अध्यक्ष विनायक शाहले सबै सरोकारवालाहरू एकताबद्ध भएर पर्यटन पुनःरुत्थानको प्रक्रियालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। ‘पर्यटकीय सिजन सुरु हुन लागेकाले नेपालबाट सकारात्मक सन्देश प्रबाह गर्न जरुरी छ,’ उहाँले भन्नुभयो, ‘विगतका विपद्मा पनि पर्यटन क्षेत्र चाँडो पुनःरुत्थान भएको थियो।’

नेपालमा रहेका पर्यटकलाई सुरक्षित तवरले गन्तव्य पठाउने र फर्किएकालाई सहज रूपमा स्वदेश फर्किने वातावरण बनाउनुपर्ने हुन्छ। उहाँले भन्नुभयो, ‘देशलाई आर्थिक समृद्धि दिनसक्ने महतवपूर्ण क्षेत्र पर्यटन नै हो। होटललगायत पूर्वाधारमा ठूलो लगानी छ। विमानस्थल बनेका छन्। यिनको प्रभावकारी व्यवस्थापन र सञ्चालन गरेर दुई ठूला छिमेकी मुलुक भारत र चीनबाट बढीभन्दा बढी पर्यटक आकर्षण गर्न सकिन्छ।’

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरका महासचिव नरेन्द्रदेव भट्टले नेपालको पर्यटन छिट्टै पुनःरुत्थान हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, ‘पर्यटकीय सिजनमै सिर्जित विषम परिस्थितिले पर्यटनमा नकारात्मक असर त परेको छ तर, आशा गरौँ छिट्टै सामान्य अवस्था आउनेछ र पर्यटन क्षेत्र पनि चलायमान बन्ने छ।’

नेपाल पर्वतारोहण सङ्घ र ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)ले संयुक्त विज्ञप्ति जारी गर्दै नेपालको शाखको रूपमा रहेको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सबै प्रयत्न गरिनुपर्नेमा जोड दिएका छन्। उनीहरूले विषम् परिस्थितिबाट मुलुकलाई निकास दिएर शान्ति सुव्यवस्था कायम गर्दै पर्यटनमैत्री वातावरण सिर्जना गर्न अपिल गरेका हुन्।

**होटलमा करिब २५ अर्बको नोक्सानी**

जेनजीको प्रदर्शनको क्रममा झण्डै दुई दर्जन होटलहरूमा ठूलो क्षति पुगेको होटल सङ्घले विज्ञप्तिमार्फत जनाएको छ। सङ्कलित प्रारम्भिक जानकारीअनुसार प्रत्यक्ष प्रभावित होटलहरू काठमाडौँ उपत्यका, पोखरा, बुटवल, भैरहवा, झापा, मोरङ विराटनगर, धनगढी, महोत्तरी, दाङ तुलसीपुरलगायतका क्षेत्रमा सञ्चालित स्वदेशी तथा विदेशी ब्राण्ड समेतका चर्चामा रहेका होटल प्रतिष्ठानहरूमा तोडफोड, आगजनी, लुटपाट भएको छ। काठमाडौँमा रहेको हिल्टन होटलको मात्रै रु आठ अर्बभन्दा बढीको क्षति भएको अनुमान गरिको छ। हिल्टनसहित देशैभरि करिब रु २५ अर्बभन्दा बढी आर्थिक क्षति भएको प्रारम्भिक अनुमान छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सामान्य सेवा मात्रै दिन सक्ने अवस्थामा अर्थ प्रशासन, कहाँ कस्तो क्षति ?

**काठमाडौँ ।**
जेनजी प्रदर्शनका क्रममा भएको तोडफोड तथा आगजनीबाट अर्थ प्रशासनको काम कारबाही प्रभावित भएको छ । अर्थ मन्त्रालय, भन्सार तथा कर कार्यालयहरु, कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलगायत सरकारी निकाय क्षतिग्रस्त हुँदा तत्काल सामान्य प्रकृतिका बाहेक सेवा दिन नसक्ने अवस्थामा अर्थ प्रशासन पुगेको हो ।



अहिले यी निकायहरुले क्षतिको विवरण सङ्कलन गर्ने र क्रमशः सेवा सञ्चालनमा ल्याउने तयारी गरिरहेका छन् ।
अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार बजेट महाशाखाअन्तर्गतका केही शाखामा क्षति पुगेको छ भने अरु संरचनाबाट तत्काल सेवा दिन सक्ने अवस्थामा मन्त्रालय रहेको छ । मन्त्रालयअन्तर्गतका मुख्य तीनवटा सफ्टवेयरहरु र त्यसको तथ्याङ्क सुरक्षित रहेको जानकारी पनि उनले राससलाई दिए ।
'बजेट महाशाखाअन्तर्गतका केही शाखामा क्षति पुगेको छ । मन्त्रालयगत बजेट बजेट सूचना प्रणाली (एलएमबिआईएस), भन्सारअन्तर्गतको आसिकुडा र करतर्फको एकीकृत कर प्रणाली (आईटिएस) सुरक्षित छ', उनले भने । उनका अनुसार आगजनीबाट मन्त्रालयका २५ वटा कार पूर्णरुपमा जलेर नष्ट भएका छन् भने २० हाराहारी कारमा आंशिक क्षति पुगेको छ । त्यस्तै ४० वटा मोटरसाइकल जलेर नष्ट भएको प्रवक्ता पाण्डेयले जानकारी दिए ।
अहिले देशभरका भन्सार र कर कार्यालयहरुको क्षतिको विवरण सङ्कलन गर्ने काम भइरहेको छ । भन्सारको सेवा सञ्चालनमा आइसकेको छ भने आन्तरिक राजस्व कार्यालयको अनलाइन सेवा मात्रै सञ्चालनमा छ । आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालका अनुसार काठमाडौँ उपत्यका बाहिरका चार–पाँच वटाबाहेक सबै कर कार्यालयमा क्षति पुगेको छ ।
'सरकारले काम सुरु गर्नु भन्यो भने काठमाडौँ उपत्यकाभित्रका कार्यालयहरुबाट तत्काल सेवा दिन सक्ने अवस्थामा छन् । तर, काठमाडौँ बाहिरका धेरै वटा कार्यालय तत्काल सञ्चालनमा आउन सक्ने अवस्थामा छैनन्', महानिर्देशक दाहालले भने । उनका अनुसार दमक, इटहरी, विराटनगर, लहान, जनकपुर, हेटौँडा, वीरगञ्ज, सिमरा, दमौली, पोखरा, भैरहवा, बुटवल, नेपालगञ्ज, डडेलधुरा, धनगडी कर कार्यालय पूर्णरुपमा नष्ट भएका छन् । यी कार्यालयबाट तत्काल सेवा दिन सक्ने अवस्था नरहेको दाहालको भनाइ छ ।
जतिसक्दो चाँडो सेवा पुनःसञ्चालनका लागि प्रयास भइरहेको उनले बताए । 'कर कार्यालयहरुमा पुगेको क्षतिको विवरण सङ्कलनका लागि अहिले जिल्ला प्रशासन कार्यालयको समन्वयमा मुचुल्का बनाउने काम भइरहेको छ । त्रिपाल टाँगेर भए पनि सेवा दिन सकिन्छ कि भनेर वैकल्पिक व्यवस्थामार्फत सेवा दिनका लागि पनि तयारी गर्न भनिएको छ', उनले भने, 'अहिले कर कार्यालयको अनलाइन सेवामा समस्या छैन । धेरै काम अनलाइनबाटै हुने गरेको छ । तर अधिकांश कार्यालयबाट भौतिक रुपमा सेवा दिन सक्ने अवस्था छैन ।' जेनजी समूहबाटै आन्तरिक राजस्व विभागको वेभसाइटमा साइबर आक्रमणसमेत भएको थियो । केही समय ह्याकरको कब्जामा पुगेकोमा त्यसलाई फिर्ता ल्याउन सफल भएको उनले बताए । भद्रपुर, धरान, कावासोती, जुम्ला, कृष्णनगर, सुर्खेत, महेन्द्रनगर कर कार्यालयमा क्षति नरहेकाले तत्काल सेवा दिन सकिने अवस्थामा छन् ।
भन्सार विभागका सूचना अधिकारी किशोर बर्तौलाका अनुसार भन्सार सेवा सञ्चालनमा आइसकेको छ । दैनिक उपभोग्य वस्तु तथा अत्यावश्यक खाद्यान्न, फलफूल, ग्यास, तेललगायतका वस्तुको जाँचपासलाई प्राथमिकतामा दिइएको उनले बताए ।
'भद्रपुर, काकरभिट्टा, विराटनगर, भैरहवा, कैलाली र जनकपुर भन्सार कार्यालयमा धेरै क्षति पुगेको छ । क्षतिको वास्तविक विवरण आइसकेको छैन । अहिले जिल्ला प्रशासन र प्रहरीसँगको समन्वयमा मुचुल्का तयार पार्ने काम भइरहेको छ', बर्तौलाले भने । भौतिक संरचनामा क्षति भए पनि भन्सार जाँचपासका लागि प्रयोग हुने आसिकुडा प्रणालीमा क्षति नपुगेको सीमित स्रोतसाधनबाटै वस्तु जाँचपास सुरु गरिएको उनको भनाइ छ । चीनतर्फतको कोरला नाका भोलि आइतबारदेखि सञ्चालनमा ल्याउने तयारी गरिरहेको उनले जानकारी दिए ।
आन्दोलनका क्रममा विभिन्न भौतिक संरचनामा क्षति पुगेपछि अहिले अधिकांश सरकारी खाता प्रणाली बन्द गरिएका छन् । महालेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ओमप्रसाद रिजालले अहिले राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआइएस) मात्रै सञ्चालनमा ल्याउन सकिएको बताए । 'कैलाली कोलेनिकामा पूर्णरुपमा क्षति पुगेको छ । मकवानपुर, विराटनगर, त्रिपुरेश्वरलगायतका कार्यालयमा क्षति पुगेको छ । क्षतिका विवरणहरु सङ्कलन भइरहेका छन्', उनले भने, 'स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र), एकल खाता कोष प्रणाली (टिएसए), कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) लगायतका सरकारी खाता सञ्चालनमा आउन सकेका छैनन् । नयाँ सरकारबाट के निर्देशन आउँछ, त्यहीअनुसार अघि बढ्छौँ ।'रासस

# क्षतिग्रस्त स्वास्थ्य मन्त्रालय अस्थायी व्यवस्थापनका लागि ठाउँ खोज्दै



**काठमाडौँ।**
जेनजी प्रदर्शनका क्रममा आगलागीका कारण स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय पूर्ण रुपमा ध्वस्त भएको छ । साथै मन्त्रालयले अस्थायी रूपमा आफूलाई व्यवस्थापन गर्न स्थान खोजिरहेको जनाएको छ।
रामशाहपथस्थित मन्त्रालयको चारतले भवनसँगै त्यहाँ रहेका फर्निचर, महत्वपूर्ण कागज तथा फाइल, कम्प्युटरलगायत परिसरमा रहेको सवारीसाधन खरानी भएका छन्। भवन नहुँदा मन्त्रालयको काम कारबाहीमा प्रत्यक्ष असर परेको छ । हाल मन्त्रालयले क्षतिको विवरण लिने र मुचुल्का उठाउने काम गरिरहेको छ।
मन्त्रालयका सचिव डा विकास देवकोटाले हालसम्म घाइतेको उपचारमा केन्द्रित भएर समन्वयकारी भूमिका गरिरहेको र अस्पताललाई आवश्यक पर्ने सामग्री दिने तथा त्यहाँबाट प्रदर्शनमा घाइतेको जनकारी लिने काम गरिरहेको बताए।
उनले भने, 'भवनको सबै कोठा, सरसामान जलेर नष्ट भएको छ । कुनै पनि बाँकी छैन। त्यहाँ बाँकी रहेका सामान स्थान्तरण गर्ने कार्य सम्भव नै भएन।'
सचिव देवकोटाले हाललाई मन्त्रालय पछाडि रहेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) को भवनबाट भोलिदेखि आंशिक रुपमा काम सुरु गर्ने योजना बनाएको जानकारी गराए । सामान्य तोडफोड भए पनि उक्त भवन भने जल्नबाट जोगिएको छ । उनका अनुसार सिंहदरबारमा ठाउँ मिल्यो भने पछि त्यहाँ मन्त्रालयलाई स्थान्तरण गर्ने विचार गरिएको छ।
मुलुकले अन्तरिम सरकारको प्रधानमन्त्रीको रुपमा सुशीला कार्कीलाई पाइसकेको छ । मन्त्रीमण्डल विस्तार गर्ने तयारी हुँदैछ । स्वास्थ्यमन्त्री नियुक्त भएपछि कार्यकक्षका लागि मन्त्रालयसँग ठाउँ पनि छैन । सचिव देवकोटाले एनएचआरसीमा मन्त्रीलाई राख्न मिल्ने एउटा कोठा तयार गरेको बताउनुभयो । "हामी कर्मचारीहरु त एउटा हलमा बसेर काम गरौला । मन्त्रीका लागि त्यही रहेको एउटा कोठा तयार गरेका छौँ । अहिलेलाई त्यहाँ काम गर्ने र सिंहदरबारभित्र ठाउँ पाउनका लागि पहल गरिरहेका छौँ", उनले भने।
मन्त्रालय परिसरमा रहेको स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन एकाइ भने हाल वीर अस्पतालको एउटा भवनबाट सञ्चालन भइरहेको छ । 'इमेलमा रहेका कागजपत्रलाई प्रिन्ट गरेर आवश्यकताअनुसार काम गर्ने । नयाँ नेतृत्व आएपछि उहाँको मार्ग निर्देशनपछि थप काम गर्ने विचार छ', डा देवकोटाले भने।रासस

# आगजनीबाट जोगिएका सामग्रीबाटै तयार हुँदैछ प्रधानमन्त्रीको कार्यकक्ष



**काठमाडौँ ।**
जेनजी प्रदर्शनका क्रममा मुख्य निशानामा परेको सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आगजनीबाट क्षतिग्रस्त भएपछि नवनियुक्त प्रधानमन्त्रीका लागि नयाँ भवनमा कार्यकक्ष तयार गरिँदै छ । सिंहदरबारको पश्चिमोत्तर भागमा गृह मन्त्रालयका लागि निर्माण गरिएको नयाँ भवनमा आगजनीबाट जोगिएका पूरानै सरसामानको सारेर कार्यकक्ष निर्माणमा नेपाली सेनासहितका सुरक्षाकर्मी र कर्मचारी जुटेका छन् ।
शनिवार बिहानदेखि नै पूरानो प्रधानमन्त्री कार्यालयबाट आगजनी र तोडफोड हुनबाट बचेका टेबल, कुर्सी, सोफा, कम्प्युटरलगाययका सरसामग्री नयाँ कार्यालयतर्फ लैजाने क्रम चलिरहेको थियो । पूरानै फर्निचर, सरसामग्री र उपकरणको व्यवस्थापन गरी नयाँ प्रधानमन्त्री कार्यालय सञ्चालनका लागि तयार गरिँदै छ । आगजनी भएको पाँचौँ दिन पनि सिंहदरबाको मुल भवनको पश्चिमतर्फको भागमा आगो बलिरहेको छ । तोडफोड र आगजनी भएका अधिकांश मन्त्रालय परिसरमा जलेका सवारीसाधन, कागजपत्रलगायत सरसामग्री छरपष्ट छन् ।
यसैबीच, आगजनी र तोडफोडबाट बढी क्षति पुगेको मध्येको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भने शनिबार बिदाको दिन भए पनि सचिव चुडामणि पौडेलको नेतृत्वमा कर्मचारीको ठूलै सङ्ख्या स्वस्फूर्तः रुपमा सरसफाइ र फोहर व्यवस्थापनमा जुटेका छन् । अन्य मन्त्रालयजस्तै शिक्षा मन्त्रालय परिसरमा पनि सवारी साधन जलेर 'मानव कङ्काल' अवस्थामा रहेका छन् ।
मन्त्रालयको भूमिगत पार्किङमा राखिएका सवारी सधानमा पनि प्रदर्शनकारीले आगजनी गरेको सखाप पारेका छन् । आज बिहान ८ बजेदेखि नै सरसफाइमा जुटिरहनुभएका मन्त्रालयका प्रवक्ता सहसचिव शिवकुमार सापकोटाले मन्त्रालयकै जनशक्ति खटिइएर सरसफाइ, फोहर व्यवस्थापन गरी दैनिक कार्य सञ्चालन गर्ने प्रयासको थालनी गरिएको बताए ।
'सरसफाइको काम अघि बढाएका छौँ, समय लाग्छ, सरसफाइ सकेर मर्मतसम्भारमा लाग्छौँ', प्रवक्ता सापकोटाले भने, 'कर्मचारीबाट जुटेर गर्न सकिनेसम्मका काम सकेसम्म गर्छौँ ।' आगजनीबाट कति क्षति भयो त्यसको आँकलन गर्न नसक्दा क्षतिको लगत निकाल्न नसकिएको उनको भनाइ छ ।
प्रवक्ता सापकोटाले भन्नुभयो, "क्षतिको लगत निकाल्न एउटा टोली बनाएका छौँ, त्यसले काम गरिरहेको छ, पार्किङमा राखिएका गाडी, कम्प्युटर, फर्निचर, टेलिभजन सेटमा क्षति पुगेका छन् ।" आफैँ जुटेर काम गर्दा के–कति क्षति भयो र कुन विधिबाट काम अघि बढाउँदा कार्यालय छिटो तयार गर्न सकिने उहाँको भनाइ छ ।
संरचनागत क्षति नभएको स्थानमा कार्यालयलाई पूर्ववत् अवस्थामा ल्याउन आफूहरुले गरिरहेको कामले सहयोग पुग्ने उहाँको विश्वास छ ।
शिक्षा मन्त्रालयका कर्मचारी जुटेर अघि बढाइएको त्यस कार्यले आन्दोलनबाट प्रभावित भएका अन्य मन्त्रालय र कार्यालय सञ्चानका लागि प्रेरित गर्नेछ ।रासस

# संसद् विघटन संविधानको परिकल्पना र सर्वोच्च अदालतको व्याख्याविपरीतः कांग्रेस

**काठमाडौँ।**
नेपाली कांग्रेसले शान्ति संविधान र लोकतन्त्रका पक्षमा पार्टी रहेको स्पष्ट गर्दै संसद् विघटन संविधानको परिकल्पना र सर्वोच्च अदालतको व्याख्याविपरीत रहेको जनाएको छ।
मुलुकको पछिल्लो विकसित घटनाक्रमका सम्बन्धमा शुक्रबार राति बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संसद् विघटन संविधानसम्मत नरहेको निर्णय गरेको हो । बैठकले उक्त कदमले एकातर्फ लोकतान्त्रिक उपलब्धि धरापमा पारेको निष्कर्ष निकालेको छ । उपसभापति पुर्णबहादुर खड्काको संयोजकत्वमा भएको बैठकमा साते प्रदेशका सभापति, मुख्यमन्त्री र प्रदेश संसदीय दलका नेता आमन्त्रित रूपमा सहभागी हुनुहुन्थ्यो । जेनजी युवाको आह्वानमा यही भदौ २३ र २४ गते भएको आन्दोलनपछिको विषम परिस्थितिमा संवादमार्फत समाधानका लागि राष्ट्रपतिले पहलकदमी लिनुपर्छ र सबै पक्षसँग आवश्यक परामर्श गरी संवादबाट नै समाधान खोज्नुपर्छ भनेर कांग्रेसले भदौ २५ गते नै विज्ञप्तिमार्फत स्पष्ट धारणा सार्वजनिक गरेको जनाएको छ।
जेनजीले प्रस्ताव गरेको व्यक्तिलाई नै अन्तरिम सरकारको नेतृत्व दिएर अघि बढ्नुपर्ने र त्यसले मात्र बदलिएको परिस्थितिबमोजिमको समाधान दिने उल्लेख गर्दै कांग्रेसले 'आवश्यकताको सिद्धान्त'अनुरुप संविधान बमोजिम वैधानिक बाटोबाट नै अगाडि बढाउन सकिने सुझाव दिएको थियो । कांग्रेसले भदौ २३ र २४ मा भएको अप्रिय तथा अनपेक्षित घटनाहरुको छानविन गरी कार्वाहीको दायरामा ल्याउँदै पुनर्निर्माणमा जुट्नुपर्ने र संविधानसभाले निर्माण गरेको संविधान, त्यसले लिपिबद्ध गरेका परिवर्तन र उपलब्धिलाई जोगाउनुपर्ने आग्रह गरेको छ । "त्यसैले यो अवस्थामा एकातर्फ कसैले उत्तेजना नफैलाओस् र अर्कोतर्फ संवैधानिक रिक्ततामा टेकेर जनताले दशकौँको सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक उपलब्धि उल्ट्याउने दुस्प्रयास नहोस् भन्नेतर्फ पनि सचेततापूर्वक ध्यान दिनुपर्नेछ, यो गुरुत्तर दायित्व कांग्रेससँग अपेक्षित छ", मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।
स्थितिलाई थप बिग्रिन नदिन र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानलाई 'लिक' बाहिर जान नदिन कांग्रेसले पार्टीभित्र, अन्य राजनीतिक दल तथा नागरिक समाजलगायतसँग परामर्श गरी शान्ति, लोकतन्त्र, अग्रगमन तथा समुन्नतिका पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ।
बैठकले पछिल्लो आन्दोलनमा जीवन गुमाएका युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सम्पूर्ण घाइतेको उपचारको प्रबन्ध गर्न ध्यानाकर्षण गराएको छ । सिंहदरबारसहित जलेका समग्र संरचनाको मूल्याङ्कन गरी अविलम्ब पुनर्निर्माण लागत र योजनातर्जुमा गर्न ध्यानाकर्षण गराएको छ ।रासस

# हेटौँडामा जनजीवन सामान्य बन्दै

**बागमती ।**
स्थानीय प्रशासनले निषेधाज्ञा र कर्फ्यू हटाएपछि शनिवार बिहानबाटै हेटौँडालगायत बजारको जनजीवन सामान्य बन्दै गएको छ ।
मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठले आज बिहान सूचना जारी गर्नुहुँदै बिहान १० बजेबाट निषेधाज्ञा र कर्फ्यू हटाउनुभएको हो ।
निषेधाज्ञा र कर्फ्यू हटेसँगै बजार, पसल खुलेको छ भने बजारमा चहलपहल बढेको छ । जेनजीको प्रदर्शनका कारण मुलुकको असहज परिस्थितिलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले यही भदौ २६ गतेदेखि मकवानपुर जिल्लाभरि निषेधाज्ञा र कर्फ्यू जारी गरेको थियो । आन्दोलनकारीहरुले हेटौँडास्थित डेढ दर्जन सरकारी कार्यालयमा तोडफोड र आगजनी गरेका थिए ।रासस

# मुलुकको प्रधानमन्त्री नियुक्त हुँदापनि सुनसान छ कार्की निवास



**काठमाडौं ।**
नेपालको पहिलो महिला प्रधानमन्त्री सुशीला कार्कीको धापासीस्थित निजी निवास क्षेत्र सुनसानप्राय छ । प्रधानमन्त्रीका रुपमा शपथ खाएको भोलिपल्ट निवास क्षेत्रमा कुनै चहलपहल छैन् ।
सुरक्षाकर्मीको उपस्थिति भएपनि सर्वसाधारण उत्साह र खुशीयाली मनाउन जम्मा भएका छैनन् । निरन्तरको कर्फ्यू र निषेधाज्ञाका कारण मानिसहरु घर बाहिर निर्धक्क निस्कन सकेका छैनन् ।
विराटनगरको शंखपुरमा जन्मिए पनि टोखा नगरपालिका धापासीमा बस्दै आएकी कार्कीलाई जेनजी पुस्ताको आन्दोलनपछि केपी ओली सरकार विस्थापित गरेर अन्तरिम सरकारको नेतृत्वमा ल्याइएको हो । मुलुकको प्रधानमन्त्री बनेपछि निजी निवास क्षेत्र र जन्म गाउँमा खुशीयाली मनाउने चलन छ ।
तर कार्की निवासमा चहलपहल छैन् । काठमाडौं उपत्यकामा कर्फ्यू तथा निषेधाज्ञा हटाईए पनि प्रधानमन्त्री निवास क्षेत्रमा भने सुरक्षा व्यवस्थालाई लक्षित गरी सुरक्षाकर्मी तैनाथ गरिएको छ ।
नवनियुक्त कार्की नेपालको ४२ औं प्रधानमन्त्री हुन् भने पहिलो महिला प्रधानमन्त्री हुन् । उनी नेपालको संविधान बमोजिम राष्ट्रपतिले अन्तर्निहित संवैधानिक अधिकार प्रयोग गरी अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरेका हुन् ।रासस

# पर्यटन क्षेत्र प्रभावित हुने चिन्ता

**गण्डकी ।**
मुख्य पर्यटकीय याम (असोज–कात्तिक) सुरु हुँदैछ । दसैँ, तिहार जस्ता ठूला चाड मुखैमा छन् । यही बेला मुलुक जेनजी पुस्ताको आन्दोलनले प्रभावित छ । पर्यटकीय याम सुरु हुनै लाग्दा भएको आन्दोलनले पर्यटन क्षेत्र मारमा पर्ने देखिएको छ । कोभिड–१९ महामारीपछि जेनतेन उठेको पर्यटन क्षेत्र पुनःशिथिल हुने भयले पर्यटन व्यवसायी चिन्तित छन् । ट्रेकिङ ऐजिन्सिज एशोसियशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले यस्तै अवस्था लामो समय रहे विश्व पर्यटन बजारमा नेपालको नराम्रो सन्देश जाने बताए ।
‘असोज र कात्तिक सबैभन्दा बढी विदेशी पर्यटक आउने याम हो, ठ्याक्कै यही बेला आन्दोलन सुरु भयो, अन्यौलको अवस्था कायमै छ, बुकिङ गरिसकेका पर्यटक आउन डराइरहेका छन’, उनले भने, ‘जतिसक्दो चाँडो नेपाल सुरक्षित छ भन्ने सन्देश दिन नसके हाम्रो पर्यटन क्षेत्रले ठूलो असर व्यहोर्नुपर्छ, यसको घाटा देशलाई पर्छ ।’ उनले अहिले नेपाल आइसकेका विदेशी पर्यटकलाई सुरक्षित तबरले गन्तव्यस्थलसम्म पु¥याउने काममा ‘टान’लगायत पर्यटन सम्बद्ध सङ्घसंस्थाले सहजीकरण गरिरहेको बताए । यो याममा विशेष गरी पदयात्राका लागि विदेशी पर्यटक आउने गर्छन् ।
अध्यक्ष आचार्यले छिटो राजनीतिक वातावरण सुधारेर मुलुकलाई सामान्य अवस्थामा नफर्काएसम्म पर्यटन क्षेत्र चलायमान हुन नसक्ने बताए । चाडपर्वका अवसरमा घुमफिरको योजना बनाएका आन्तरिक पर्यटकलाई अहिलेको अवस्थाले अन्यौलता थपेको उनको भनाइ छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रविन कडरियाले यो याममा पर्यटक आगमनमा असर पर्ने देखिएको बताए । ‘तथ्याङ्कगत रुपमा हेर्न अझै केही दिन कुनुपर्छ, तर अहिलेको आन्दोलनले पर्यटन क्षेत्रमा असर भने पक्कै गर्छ’, उनले भने ।
अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वमाझ परिचित गन्तव्य हो । गत आवमा उक्त क्षेत्रमा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटक भित्रिएका थिए । तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार ७८६ र अन्य देशका एक लाख २० हजार ३२७ पर्यटक रहेका थिए । वर्षात र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको सङ्ख्या न्यून हुने गरे पनि अन्य समयमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ ।
सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेकाका अहिले मुलुकमा देखिएको असहज परिस्थितिले पर्यटक आगमनमा असर पर्ने देखिएको आयोजना कार्यालयले जनाएको छ । मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् ।
अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् ।रासस

# सुनसरीका मूर्तिकारलाई माटोको कलात्मक मूर्ति बनाउन भ्याइनभ्याइ

**सुनसरी ।**
चाडपर्व नजिएसँगै सुनसरीका मूर्तिकारलाई माटोको कलात्मक मूर्ति बनाउनका लागि भ्याइनभ्याइ भएको छ ।
सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने मूर्तिकारलाई चाडपर्व नजिकिएसँगै माटोका कलात्मक मूर्ति बनाउन भ्याइनभ्याइ भएको हो । विभिन्न स्थानीय तह वा क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायका मानिसले चाडपर्वका बेलामा देउताको प्रतिमाको रुपमा माटोका कलात्मक मूर्ति राखेर पूजाआजा गर्ने भएकाले मूर्ति बनाउनका लागि भ्याइनभ्याइ भएको इनरुवा–४ का मूर्तिकार गणेश मेहताले बताए ।
मिथला क्षेत्रमा बसोबास गर्ने हिन्दू नारीको महान्पर्व जितियामासमेत सुनसरीको कोसी, भोक्राहा, हरिनगर इनरुवा, देवानगञ्ज, बर्जु, दुहबी, गढीलगायतका स्थानमा बसोबास गर्नेले देवीदेउताको प्रतिमाका रुपमा माटोको कलात्मक मूर्ति राखेर पूजा गर्ने भएकालेसमेत यसको माग बढेको र बनाउनका लागि व्यस्त हुने गरेको इनरुवाका मूर्तिकार मनोजकुमार मेहताले बताए ।
त्यसैगरी विश्वकर्मा पूजा आउन चार दिनमात्र बाँकी रहेको छ भने घटस्थापन आउन नौ दिनमात्र बाँकी रहेका बेलामा सुनसरीका मूर्तिकारको व्यस्तता बढेको स्थानीय धार्मिक क्षेत्रका अगुवा स्थानीय



पत्रकार गणेशकुमार यादवले बताए ।
विशेष गरेर विश्वकर्मा पूजामा विश्वकर्मा बाबाको माटोको कलात्मक प्रतिमा अर्थात् मूर्ति राखेर पूजा गर्ने भएकालेसमेत मूर्तिकार व्यस्त भएका हुन् । विश्वकर्मा पूजामा मात्र एउटा मूर्तिकारले एक जना सहयोगीका भरमा ५० देखि १०० मूर्तिसम्म बिक्री गर्ने गरेका छन् । पराल, दाम्लो (डोरी) र माटोको प्रयोग गरेर मूर्तिकारले मूर्ति बनाउने गरेका छन् ।
त्यसैगरी दशैका बेलामा दुर्गासँगै विभिन्न देवीदेउताका मूर्ति बनाउने भएकाले मूर्तिकारको व्यस्तता बढेको छ भने आर्थिक आम्दनीसमेत बढ्दै गएको छ । अरुबेला बसेर वा खेतीपाती गरेर दैनिकी गर्दै आएकामा चाडपर्वका बेलामा आर्थिक आम्दनीको मूलमूर्ति निर्माण गर्ने कार्य हुने गरेको मूर्तिकारले बताएका छन् ।
यो सिजनमा एउटा मूर्तिकारले जितिया, विश्वकर्मा र दसैंमा मूर्ति निर्माण गरेर जिल्लामा एक लाख रुपैयाँ देखि दुई लाख रुपैयाँ सम्म आम्दानी गर्दै आएका छन् ।
विश्वकर्मा पूजामा माटोको कलात्मक विश्वकर्माको प्रतीक राखेर सवारी चालक तथा धनी र उद्योगीले पूजाअर्चना गर्ने भएपछि मूर्तिको माग बढेको मूर्तिकार विनोद यादवले बताए । एउटा मूर्तिकारले पाँच हजार रुपैयाँ देखि २५ हजार रुपैयाँ सम्मको एउटा कलात्मक माटोको मूर्ति बनाएर बिक्री गर्ने गरेको राजकुमार यादवले बताए । मूर्तिको माग बढेपछि वार्षिक रुपमा मूल्यसमेत बढेको स्थानीय उपभोक्ताले बताएका छन् ।रासस

# कतार इजरायलबीचको कूटनीतिक दूरी बढ्दै,गाजा युद्ध अझै जटिल बन्दै



अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इजरायल भ्रमणअघि कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीसँग महत्वपूर्ण भेटवार्ता गरेका छन । यो भेटले अमेरिका, कतार र इजरायलबीचको संवेदनशील कूटनीतिक सन्तुलनमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।
उक्त भेटपछि रुबियो आइतबारदेखि दुई दिने इजरायल भ्रमणमा जानुहुनेछ, जहाँ उनले इजरायली नेतृत्वसँग क्षेत्रीय सुरक्षा, गाजा युद्धसम्बन्धी वर्तमान अवस्था तथा बन्धक मुक्तिका सम्भावनाबारे छलफल गरेका छन ।
हालै इजरायलले कतारको राजधानी दोहामा हमासका नेताहरूलाई लक्षित गरी गरेको कारबाहीका कारण कतार, साउदी अरेबिया र युएईजस्ता खाडी मुलुकहरूमा असन्तुष्टि देखिएको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि उक्त कारबाहीले अमेरिका वा इजरायलको दीर्घकालीन हितमा योगदान नपु¥याउने टिप्पणी गरेका छन ।
संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले समेत उक्त आक्रमणको आलोचना गर्दै संयम अपनाउन आग्रह गरेको छ ।
कतारका प्रधानमन्त्रीले सुरक्षा परिषद्को बैठकमा बोल्दै गाजामा रहेका बन्धकहरूको सुरक्षाप्रति चासो व्यक्त गर्नुभएको छ र कूटनीतिक प्रयासहरू जारी राख्ने प्रतिबद्धता जनाउनुभएको छ ।
विदेश मन्त्रालयका अनुसार, रुबियोको इजरायल भ्रमणका क्रममा उहाँले गाजामा इजरायलको रणनीतिक लक्ष्य, बन्धक मुक्ति प्रयास तथा प्यालेस्टाइनी
राज्यका सम्बन्धमा युरोपेली मुलुकहरूको सम्भावित मान्यताबारे अमेरिकी धारणा स्पष्ट पार्नेछन्।
उनले हमासद्वारा अपहरणमा परेका व्यक्तिहरूका परिवारसँग पनि भेट गर्नुहुनेछ, जसले बन्धकहरूको सुरक्षित फिर्ती अमेरिका र इजरायल दुवैका लागि उच्च प्राथमिकता भएको सन्देश दिन मद्दत गर्नेछ ।रुबियो यरुशलेमस्थित ऐतिहासिक स्थल ‘सिटी अफ डेविड’को भ्रमण गर्ने कार्यक्रम समेत रहेको छ, जुन इजरायल र प्यालेस्टाइनबीचको
विवादास्पद क्षेत्र मानिन्छ। एजेन्सी

# मुस्ताङको ४७० हेक्टर क्षेत्रफलमा आलुखेती

**मुस्ताङ ।**
हिमाली जिल्ला मुस्ताङमा कूल ४७० हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आइरहेको छ । यस वर्ष यहाँका पाँच पालिकामा गरिएका आलु उत्पादनको प्रारम्भिक सर्वेक्षणअनुसार शुन्य दशमलव शुन्य नौ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।
आव २०८२÷८३ मा यहाँका पाँचै पालिकाको कूल ४७० हेक्टर आलु उत्पादन क्षेत्रमा आठ हजार ४९६ मेट्रिकटन आलु उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख राजेश गुरुङले जानकारी दिए । यस वर्षको आलु उत्पादकत्व १८ दशमलव ४७ प्रति हेक्टर रहने केन्द्र प्रमुख गुरुङले उल्लेख



गरे ।
गत आव २०८१/८२ मा यहाँ ४६० हेक्टर क्षेत्रफलमा आठ हजार ४५४ मेट्रिकटन आलु उत्पादन भएको थियो । गत वर्ष आलुको उत्पादकत्व प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत रहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।
केन्द्र प्रमुख गुरुङका अनुसार गत वर्षको तुलनामा यस वर्ष ४१ दशमलव शुन्य दुई प्रतिशत आलु उत्पादन हुने जनाइएको छ ।
उच्च भूगोल र यहाँको चिसो शीतोष्ण हावापानीमा उत्पादन हुने आलु स्वादिलो र पोषिलो हुने गर्छ । यसैले यहाँको मुस्ताङी आलु सहज÷बजारका उपभोक्ता रुचाउने गर्छन् । चिसो हावापानी र हिउँले सिञ्चित यहाँको खेतीयोग्य जमिनमा उत्पादन हुने विषादीरहित जैविक हुने भएकाले उपभोक्ता यहाँको आलुप्रतिको आकर्षण बढ्दो रहेको छ । यहाँ स्याउ बगैँचाभित्र किसानले अन्तरबालीका रुपमा आलुखेती गर्दै आइरहेको पाइन्छ ।
यहाँ सबैभन्दा बढी उपल्लो मुस्ताङ र बारागुङ मुक्तिक्षेत्रमा उत्पादन हुने आलुलाई थप विशेष महत्व दिने गरिएको छ । समुद्री सतहको दुई हजार ७०० मिटर माथिको क्षेत्रमा उत्पादन हुने भएकाले स्थानीयको आकर्षण उपल्लो मुस्ताङको आलुतर्फ बढेको हो । त्यसो त घरपझोङ र थासाङमा पनि किसानले आलुखेतीलाई विशेष महत्व दिएर खेती गर्दै आइरहेको पाइएको छ ।
मुस्ताङको तल्लो क्षेत्रमा किसानले फागुनमा आलुको बीउ रोपेर भदौ महिनामा आलु निकाल्न थाल्छन् । उपल्लो मुस्ताङमा चैत÷वैशाखमा आलुको बीउ रोपेर असोज÷कात्तिकमा खेतबारीबाट आलु खन्न सुरु गर्छन् ।
नगदेबाली भएको र सडक यातायातको सजह पहुँच भइसकेकाले यहाँ उत्पादित आलुको बजारीकरणमा कुनै समस्या नरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।
यहाँ विकासे आलु र स्थानीय परम्परागत लोकल सेतो आलु उत्पादन हुने गरेको केन्द्र प्रमुख गुरुङको भनाइ छ । यहाँ विकास रातो आलु आंशिक उत्पादन हुने गरे पनि यहाँका किसानले बढीमात्रामा स्थानीय सेतो आलुको खेती गर्ने गरेको गुरुङले उल्लेख गरे ।
यहाँ उत्पादन हुने आलु ६० प्रतिशत जिल्ला बाहिर निकासी हुने गरेको केन्द्रले बताएको छ । बाँकी ३० प्रतिशत आलु यही घरायसी प्रयोजन तथा होटल रेष्टुरेन्टमा खपत हुने र उत्पादित १० प्रतिशत आलुको बीउका रुपमा स्थानीय किसानले बिक्रीवितरण गर्ने गरेको केन्द्र प्रमुख गुरुङले बताए ।
घरपझोङ–५ ठिनीका किसान महेन्द्र थकालीले यहाँ किसानले उत्पादन गर्ने आलु सहजै बिक्री हुने गरेको बताए । उनले प्रतिपाथी यहाँको आलु २०० रुपैयाँ मा बिक्री भएको उल्लेख गरे । ‘आलु उत्पादन गरेर हाभेस्ट मात्रै गरेपछि आलु व्यापारी किसानको खेतमै पुगेर सङ्कलन गर्ने गरेका छन’, उनले भने, ‘पैसा नगद पाइने र आलु खनेपछि बजार पु¥याउनुपर्ने समस्या छैन ।’ उनले मुस्ताङमा उत्पादन हुने आलु
पोखरा–काठमाडाँैलगायत सहरको तारे होटलसम्म पुग्ने गरेको जानकारी दिए ।
आलुखेती गर्दै आइरहेका कृषि समूह, सहकारी र फर्मलाई यहाँका स्थानीय तह, कृषि ज्ञान केन्द्र तथा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले विभिन्न अनुदानका कार्यक्रम सञ्चालनमा ल्याउने गरिएको छ । यसबाट पनि यहाँका किसान स्याउखेती जस्तै आलुखेतीमा लाभान्वित हुँदै आइरहेको पाइएको छ । रासस

# पाकिस्तानको दक्षिण वजिरिस्तानमा तालिबानको आक्रमण, १२ जनाको मृत्यु

पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा रहेको दक्षिण वजिरिस्तान जिल्लामा शनिबार बिहान करिब ४ बजे पाकिस्तानी तालिबान समूहद्वारा गरिएको आक्रमणमा कम्तीमा १२ सुरक्षाकर्मीको ज्यान गएको छ ।
स्थानीय सरकारी अधिकारीका अनुसार सैनिकहरूको एक गस्ती दल गुडिरहेको बेलामा दुवैपट्टिबाट भारी हतियारसहित आक्रमण गरिएको थियो । आक्रमणमा १२ सुरक्षाकर्मी मारिएका र अन्य ४ घाइते भएका छन् । घटनास्थलमा तैनाथ अर्का एक सुरक्षाकर्मीले पनि मृत्युको सङ्ख्या पुष्टि गरेका छन् र आक्रमणकारीहरूले सुरक्षाकर्मीहरूको हतियार पनि कब्जामा लिएको जानकारी दिनुभएका छन् ।
पाकिस्तानी तालिबान, जसलाई तहरीक–ए–तालिबान पाकिस्तान भनिन्छ, यो समूह अफगान तालिबानबाट पृथक भए पनि घनिष्ठ सम्बन्ध रहेको मानिन्छ । उक्त आक्रमणको जिम्मेवारी सोही समूहले सामाजिक सञ्जालमार्फत लिएको छ ।
यो आक्रमण पछिल्ला महिनाहरूमा खैबर पख्तुनख्वा प्रान्तमा भएको सबैभन्दा घातक घटनामध्ये एक हो । सो क्षेत्र केही वर्षअघिसम्म तहरीक–ए–तालिबानको प्रभावमा थियो, जसलाई सन् २०१४ देखि सुरु भएको सैनिक कारबाहीपछि पछि धकेलिएको थियो ।पाकिस्तानी सरकारले अफगानिस्तानमाथि आतंककारीहरूलाई आफ्नो भूमिबाट पाकिस्तानमाथि आक्रमण गर्न दिएको आरोप लगाउँदै आएको छ, जुन आरोपलाई काबुलस्थित अफगान सरकारले अस्वीकार गर्दै आएको छ ।खैबर पख्तुनख्वा प्रान्तका विभिन्न जिल्लाहरूमा स्थानीयहरूले तहरीक–ए–तालिबानको नाम लेखिएको पर्खाल लेखोटहरू देखिएको बताएका छन् । उनीहरू पुनः सोही समूहको त्रासद शासन फर्कने डर व्यक्त गर्छन्, जुन अमेरिकी ’आतङ्कविरुद्धको युद्ध’ को समयमा अफगानिस्तानबाट फैलिएको थियो । एक वरिष्ठ स्थानीय अधिकारीका अनुसार पछिल्लो समय तहरीक–ए–तालिबानका लडाकूहरूको सङ्ख्या र आक्रमणहरूको संख्या दुबै बढेको छ ।सन् २०२५ को जनवरी १ देखि हालसम्म करिब ४६० जनाको ज्यान गइसकेको छ, जसमा धेरैजसो सुरक्षाकर्मीहरू रहेका छन्। यी आक्रमणहरू खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा भएका हुन्।
सन् २०२४ पाकिस्तानका लागि झन्डै एक दशक यताकै सबैभन्दा रक्तपातपूर्ण वर्ष बनेको थियो, जसमा एक हजार ६०० भन्दा बढी मानिसको मृत्यु भएको थियो, तीमध्ये करिब आधा सुरक्षाकर्मी र प्रहरी थिए, जसको विवरण इस्लामाबादस्थित अनुसन्धान संस्था ‘सुरक्षा अध्ययन तथा अनुसन्धान केन्द्र’ले दिएको हो ।एजेन्सी

# भोजपुरका विपन्न परिवारले पाए ‘जस्तापाताको छानो’



**भोजपुर।**
भोजपुरको टेम्केमैयुङ गाउँपालिका ६ कोटका आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारले जस्तापाताको छानो पाएका छन् । आर्थिक अवस्था कमजोर भएका कारण छानो फेर्न नसकेको एक सय आठ परिवारले जस्तापाताको छानो पाएका हुन्।

जस्तापाताको छानो वितरणसँगै वडा फुसको छानोमुक्त भएको छ । आगलागी जस्ता घटनाबाट बचाउँदै वडा क्षेत्रको सुन्दरतासँगै बस्तीमा एक रुपता ल्याउने लक्ष्यले गरिव तथा विपन्न परिवारलाई जस्तापाताको छानो दिइएको वडाध्यक्ष सूर्यप्रसाद नेपालले बताए।

विभिन्न आर्थिक वर्षमा वडाले बजेट विनियोजन गरेर ४३ परिवार र शघन शहरी कार्यालयबाट ६५ परिवार गरी एक सय आठ परिवारलाई जस्ताको छानो वितरण गरिएको उनको भनाइ छ ।‘हाम्रो वडा फुसको छानोमुक्त बनेको छ’वडाध्यक्ष नेपालले भने,‘यहाँका गरिव तथा विपन्न एक सय आठ परिवारको छानो फेरेका छौँ। जस्ताको छानो फेरेसँगै स्थानीयलाई सहजता भएको छ।’

गरिवीका कारण वर्षौंबाट खरको चुहिँने घरमा बस्दै आएको अवस्थामा जस्तापाताको छानो पाउँदा सहजता भएको स्थानीयबासी चिनामाया भारतीले बताए ।‘आर्थिक अवस्था कमजोर भएको कारण फुसको छानोमा बस्दै आएका थियौँ’उनले भने,‘वडाको पहलमा राज्यको तर्फबाट टिनको छानो फेर्न पाउँदा खुसी लागेको छ । अहिले छानो चुहिने कुनै डर छैन।’

चुँहिने घरमा कष्टकर जीवन विताउँदै आएको अवस्थामा सरकारले छानो दिएपछि दैनिकीमा परिवर्तन आएको स्थानीयबासी कृष्ण गिरीले बताए । घरमा जस्तापाताको छानो लगाएकोले वर्सेनी छानो फेर्नु पर्ने बाध्यताको अन्त्य भएको उनको भनाइ छ । ‘राज्यले जस्तापाताको छानो दिएको छ’उनले भने,‘फुसको छानोमा बस्दा धैरै समस्या थियो । फुसको छानो हुँदा आगालागी पनि धैरै डर हुन्थ्यो । छानो फर्न पाउँदा खुसी लागेको छ ।’रासस

# महाकाली अस्पतालमा ‘सिटी स्क्यान’ सेवा थपियो

**कञ्चनपुर।**
महेन्द्रनगर स्थित महाकाली प्रादेशिक अस्पतालमा सिटी स्क्यान सेवा थपिएको छ।

अस्पताललले ६४ स्लाइसको ‘सिटी स्क्यान’ सेवा थप गरेर आगामी सातादेखि सेवा सुरु गर्ने तयारी गरेको महाकाली प्रादेशीक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन अर्जुन भट्टले जानकारी दिए । ‘६४ स्लाइसको सिटी स्क्यान मेसिन अस्पतालमा पुगेर जडान कार्य अन्तिम चरणमा छ ।’ उनले भने–‘अर्को हप्तादेखी सेवा सुचारु गर्ने गरी तयारीमा लागेका छौ ।’ अस्पताललले सिटी स्क्यान जडानका लागि गत फागुनमा बालाजी सर्जिकल सप्लायर्ससंग तीन करोड ८३ लाख ५५ हजार ५ सय ६० रुपयाँमा सम्झौता गरेको थियो । अस्पतालमा सीटी स्क्यान सेवा सुरु भएपछि यहाँका बिरामीले उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हट्ने उनले बताए।

विगतको तुलनामा अस्पताललले विशेषज्ञ सहितको सेवामा सुधार गर्दै गएको अस्पताल व्यवस्थापन समितिका निर्वतमान अध्यक्ष कृष्णानन्द भट्टले जानकारी दिए। ‘विगतको तुलनामा यहाँबाट सेवा लिने विरामीको संख्या बढेको छ ।’ उनले भने–‘यहाँको मुख्य आवश्यकता भनेको सीटी स्क्यान थियो त्यो सेवा पनि सुचारु हुने अवस्थामा छ यसले यहाँका विरामीहरुलाई ठुलो राहत पुगाउँछ ।’ उनले अस्पतालमा अहिले एउटै विभागमा दुई÷तीन जना विशेषज्ञ चिकित्सकले सेवा दिइरहेकाले सेवाग्राहीलाई उपचारमा सजिलो भएको बताए । ‘अहिले विशेषज्ञ चिकित्सक सेवा थपिदै गएको सरकारले त्यहि अनुसारको भौतिक पूर्वाधार र स्वाथ्य उपकरण पनि थपिदै गएका छन ।’ उनले भने–‘अब कुनै पनि विरामीले यहाँबाट अन्यत्र रिफर हुनुपर्दैन ।’रिफर सेन्टरका रुपमा परिचित महाकाली अस्पताललले पछिल्लो समय २३ जना विशेषज्ञ चिकित्सक सहितको सेवा दिन थालेको छ ।अस्पतालमा मेडिसिन विभाग,हाडजोर्नी विभाग,सर्जरी विभाग,स्त्री तथा प्रसुती रोग विभाग,रेडीयोलोजी,एनेस्थेसियोलोजी र मानसिक रोग विशेषज्ञ सेवा थपिएको हो । अस्पतालमा २८ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेको भएपनि अहिले एक जना मात्रै दरबन्दीमा कार्यरत छन । अन्य विशेषज्ञ चिकित्सक छात्रवृत्ति करार र अस्पताल व्यवस्थापन समितिबाट करारमा सेवा दिदै आएका छन । ‘अस्पतालमा सीटी स्क्यान सेवा नहुँदा यहाँबाट दैनिक ८÷१० जना विरामी अन्यत्र रिफर हुने गरेका थिए अब त्यो समस्या हट्ने भएको छ ।’ यहाँका स्थानीय इन्द्र साउँदले भने–‘अब घर नजिकै सहुलियत शुल्कमा यहाँका स्थानीयले सीटी स्क्यान लगायतको विशेषज्ञ सेवा पाउनेछन।’

२०२० सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा स्थापना भएको अस्पताल २०३१ मा २५ श्ययाको जिल्ला अस्पतालमा परिणत भएको थियो । जिल्ला अस्पतालबाट स्तरोन्ती हुदैं २०४३ सालमा ५० शैयाको अञ्चल अस्पताल (रेफरल सेन्टर) को रुपमा परिणत भयो । मुलुकमा संघीयतापछि प्रादेशीक अस्पतालका रुपमा स्तरोन्नती भएपछि भने अस्पताललले विशेषज्ञ सेवा दिन थालेको हो।

अस्पतालमा स्वीकृत स्थायी दरबन्दी अनुसार एघार तहका विशेषज्ञ चिकित्सक चार जना र नवौ र दश तहका विशेषज्ञ चिकित्सक १६ जनाको दरबन्दी छ । अहिले अस्पतालमा मेडिसिन विभागमा चार जना, हाडजोर्नी विशेषज्ञ तीन जना, स्त्री रोग विशेषज्ञ तीन जना, बालरोग विशेषज्ञ दुई जना, नाक कान घाँटी विशेषज्ञ दुई जना, एनेस्थेसियोलोजिस्ट दुई जना, सर्जरी विशेषज्ञ तीन जना र रेडियोलोजिस्ट दुई जना कार्यरत छन । त्यसैगरि एक जना मानसिक रोग विषेशज्ञ कार्यरत छन । अस्पतालमा, जनरल फिजिसियन, प्याथोलोजिस्ट,डर्माटोलोजिस्ट विशेषज्ञ चिकित्सको दरबन्दी भएपनि हालसम्म दरबन्दी अनुसारका चिकित्सकहरु उपलब्ध हुन सकेका छैनन ।रासस

# बेनीमा मौलिक सम्पदाको संरक्षण



म्याग्दी ।
म्याग्दीको सदरमुकाम बेनी बजारमा मौलिक सम्पदाको निर्माण र पुनर्निर्माण भएको छ । बेनी नगरपालिका र समुदायको पहलमा बेनीलाई मौलिक सांस्कृतिक बजारको रूपमा विकास गर्न पुराना सम्पदाको संरक्षण, पुनर्निर्माणका साथै नयाँ सार्वजनिक संरचना निर्माणका क्रममा मौलिकतालाई जोड दिइएको हो ।

म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनी बजार नगरपालिकाको ७ र ८ नम्बर वडामा पर्छ । नगर प्रमुख सुरत केसीले मुस्ताङ जाने आउने पर्यटकलाई बेनीमा भुलाउने र बसाई लम्बाएर स्थानीय आर्थिक गतिविधि बढाउने उद्देश्यले धार्मिक, सांस्कृतिक, ऐतिहासिक र मौलिकताको सम्वद्र्धन तथा प्रवद्र्धनमा जुटेको बताए ।

उनका अनुसार कालीगण्डकीको सभ्यता बचाउन र प्रदूषण नियन्त्रणका लागि दोभानमा शवदाहस्थल निर्माण भएको छ । गत आर्थिक वर्ष २०८१÷८२ मा विनियोजन भएको ६० लाख रुपैयाँ बजेटबाट शवदाहस्थललाई व्यवस्थित र सुरक्षित बनाउन भौतिक संरचना निर्माण भएको हो ।

धार्मिकस्थल गलेश्वर बजारभित्रको सडकको सौन्दर्यकरण गर्नका लागि गत वर्षदेखि सुरु भएको सडकमा स्लेट ढुङ्गा बिछ्याउने योजनालाई यस वर्ष पनि निरन्तरता दिएको छ । गत आवमा १०६ मिटर स्लेट बिछ्याइएको थियो ।

नयाँ आवका लागि नगरपालिकाले ३० लाख रुपैयाँ विनियोजन गरेको योजनाका लागि गलेश्वर शिवालय क्षेत्र विकास कोषले पनि साथ दिने बेनी नगरपालिका–९ का वडाध्यक्ष चक्र केसीले बताए ।

बेनीको पुस्तकालय चोकमा १३ लाख रुपैयाँ खर्चेर जमघट र विश्रामस्थलका लागि भक्तपुरे इँटा र बुट्टा कुदेको काठ प्रयोग गरेर नेवारी वास्तुकला शैलीको प्रतीक्षालय (फाल्चा) निर्माण भएको छ । यस वर्ष आँखीझ्याललगायतका संरचना बनाएर फाल्चा निर्माणलाई पूर्णताः दिने बेनी नगरपालिका–७ का वडाध्यक्ष रमेश श्रेष्ठले बताए ।

चोकमा खाली रहेको सार्वजनिक ठाउँको सदुपयोग गरेर निर्माण भएको फाल्चाबाट स्थानीयवासी, यात्रुहरूलाई विश्रामका लागि सहजका लागि बजारको आकर्षण थपेको छ । यसअघि बेनी नगरपालिकाको वडा नम्बर ७ मा रहेका पुराना चौतारीहरूको मर्मत र व्यवस्थापन भएको थियो ।

बेनी नगरपालिका–८ गणेशटोलमा रहेको २०० वर्ष पुरानो गणेश मन्दिर यसै वर्ष पुनर्निर्माण भएको छ । बेनी नगरपालिकाको छ लाख रुपैयाँ बजेट र गुठीयारहरूको करिब १४ लाख रुपैयाँ लगानीमा मौलिक शैलीमा पुनर्निर्माण गरिएको वडाध्यक्ष उत्तम कर्माचार्यले बताए । पुरानो मन्दिरलाई भत्काएर भक्तपुरे इँटा र बुट्टे काठको प्रयोग गरेर निर्माण भएको मन्दिरको छानामा पित्तलको जलप लगाइएको छ ।

यसअघि बेनी नगरपालिका–८ स्थित ऐतिहासिक कोतघरको भक्तपुरबाट इँटा, काठ र मजदुर ल्याएर कोतघर पुनर्निर्माण गरिएको थियो । छानोमा तीन वटा गजूर राखिएको कोतघरको झ्याल, ढोका र टुँडाल कलात्मक शैलीका छन् ।

विक्रम संवत् १६३१ देखि नेपाल एकीकरण नहुँदासम्म ३४२ वर्षसम्म तत्कालीन पर्वत राज्यको शीतकालीन राजधानी बेनी थियो । तत्कालीन पर्वत राज्यका राजा हिउँदमा बेनी र गर्मीयाममा ढोलथानमा बसेर राज्य सञ्चालन गरेका थिए । ऐतिहासिक महत्वका तोप, खुकुरी, तरबारलगायतका हतियार भएको कोतघर परिसरमा तत्कालीन राज्य सञ्चालकले धातुका सिक्का बनाउने टक्सार बनाएका थिए । सार्वजनिक जग्गामा घेराबार, पर्खाल, रेलिङ निर्माण र भुइँमा पेभर इँटा राखेर आकर्षक बनाइएको छ ।रासस

# हजारौँ हुम्ली काम खोज्दै चीनमा




**हुम्ला।**
जिल्लामा बेरोजगारी समस्या भएपछि यहाँका स्थानीय छिमेकी मित्रराष्ट्र चीनको ताक्लाकोट जानेक्रम निरन्तर बढ्दै गएको छ । पछिल्ला वर्षहरूमा कामको खोजीमा यहाँका युवायुवती त्यसतर्फ जानेक्रम बढ्दै गएको हो।

ताक्लाकोटमा रोजगारी पाउने भएकाले जिल्लाका युवायुवती छ महिनाका लागि त्यसतर्फ जाने गरेका हुन् । गाउँघरमा यतिकै बेरोजगार बस्नुभन्दा उनीहरू जिल्ला प्रशासनबाट दिइने अस्थायी सीमापास बनाएर चीन जाने र आम्दानी गरी फर्कने गर्दछन्।

पछिल्ला वर्षहरूमा उनीहरू जङ्गलमा जडीबुटी सङ्कलन गर्न जानुभन्दा ताक्लाकोटमा घरयासीदेखि खेतबारीको काम गर्न चीनतर्फ जाने गरेका छन्।

**चीन पुग्ने सङ्ख्या बढ्दो**

विगतका वर्षहरूमा युवाका लागि मात्र रोजगारीको केन्द्र बनेको ताक्लाकोट यो वर्षदेखि युवतीहरू पनि जान थालेका छन् । सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी राजेन्द्रकुमार चन्दका अनुसार विगतका वर्षभन्दा यो वर्ष सीमा पास लिने युवायुवतीको सङ्ख्या धैरै बढेको छ।

उनका अनुसार झण्डै ५५ हजार जनसङ्ख्या भएको हुम्लामा ११ हजार हाराहारीका यहाँका नागरिकले सीमा पास लिइसकेका छन्भने वितरण भइसकेको छ । आजभोलि पनि दैनिक सीमा पास लिन आउने सङ्ख्या पनि उल्लेखनीय रहेको छ । जेठ र असार महिनाजस्तै चाप नभए पनि दैनिक पाँच, सात जना सीमा पास बनाउन आउने गरेको उनले बताए।

चीनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोट जोड्ने हिल्सा नाका गत वैशाख १८ गते खुलेपछि कामको खोजीका लागि नयाँ सीमा पास र नवीकरण गर्नेको सङ्ख्या बढेको हो । वैशाखदेखि हालसम्म नयाँ सीमा पास लिनेको सङ्ख्या आठ हजार ९१३ रहेको सहायक प्रमुख जिल्ला अधिकारी चन्दले बताए। त्यसैगरी नवीकरण गर्नेको सङ्ख्या दुई हजार ६६ जना रहेको छ । जिल्ला प्रशासन हुम्लाले हुम्लीको लागि चीनको समन्वयमा छ महिनाका लागि अस्थायी सीमा पास दिने गरेको छ। अस्थायी सीमा पास लिएका हुम्लीले छ महिना बस्न पाउँछन् । थप बस्नका लागि नवीकरण गर्ने गरेका छन्।

चीनसँग जोडिएको यो हिल्सा नाका हिमपातका कारण वर्षमा छ महिना मात्र खुल्ने गर्छ भने जाडोका कारण मङ्सिरदेखि बन्द भई जेठदेखि पुनः खुल्छ । अहिले कामको खोजी, व्यापार, दशैँका लागि लत्ताकपडा लिन जानेहरू दैनिक सीमा पास लिन आउने गरेको प्रमुख जिल्ला अधिकारी टेकराज रेग्मीले बताए। छिमेकी राष्ट्र चीनमा कामको खोजीमा हुम्लाको सबैभन्दा बढी नाम्खा र सिमकोट गाउँपालिकाका युवा ताक्लाकोट पुगेका छन् । जिल्लाका अन्य खार्पुनाथ, सर्केगाड, चङ्खेली गाउँपालिकाका युवायुवतीले पनि जिल्ला प्रशासनबाट सीमा पास बनाएको प्रमुख जिल्ला अधिकारी रेग्मीको भनाइ थियो। हुम्लाबाट कामको खोजीमा चीन पुगेका हुम्ली कामदार चीनको पुराङ्ग काउन्टीमा निर्माणसम्बन्धी, घरेलु कामदारका रूपमा काम गर्ने गरेको सिमकोट गाउँपालिका–२ निवासी कालु बोहराले बताए।

हुम्लाबाट ताक्लाकोट पुगेका कामदारले यतिबेला ताक्लाकोटमा २५ देखि १५० सम्म चिनियाँ युवान कमाउने गरेको ताक्लाकोटमा काम गरिरहेका प्रेम भण्डारीले बताए। कामदारका रूपमा बर्खायाममा ताक्लाकोट र यसका आसपासका बस्तीमा गई हुम्लीले आम्दानी गर्दै आएका छन् । हरेक वर्ष हुम्ली कामदार चीनको पुराङ काउन्टीमा गएर कामदारका रूपमा मासिक ३० देखि ७० हजार नेपाली रूपैयाँ कमाउने गर्छन्।

गत वर्ष ताक्लाकोटमा ३०० सम्म चिनियाँ युवान कमाउने भए पनि यो वर्ष न्यून ज्यालामा काम गरेर चित्त बुझाउन परेको उनले सुनाए । यो वर्ष दैनिक ज्यालाको मूल्य निकै घटेको छ। सोचेअनुसारको पनि काम नपाउने उनको भनाइ थियो । यतिबेला चीनको पुराङ्ग काउन्टी, ताक्लाकोटा आसपासका गाउँहरूमा उवा, जौ, भित्र्याउने काम पाउने गरेको छ।

**काम पाउन मुस्किल**

चीनको ताक्लाकोटमा विगतका वर्षभन्दा यो वर्ष काम पाउन मुस्किल भएको छ । जिल्लाका बेरोजगार युवायुवती रोजगारीको खोजीमा ताक्लाकोट पुग्नेको सङ्ख्या उल्लेखनीय रहेपछि काम पाउन मुस्किल हुने गरेको हो । यतिबेला चीनको ताक्लाकोट पुगेका अधिकांश हुम्लीले हप्ता दिनमा एक दिन मात्रै काम पाउने गरेको गुनासो पोखेका छन्।

चिनियाँ भाषा जान्नेलाई काम पाउन सजिलो हुने र भाषा नजान्नेलाई काम पाउन मुस्किल हुने गरेको ताक्लाकोटमा काम गर्दै आएका जनक बोहराले बताए । ताक्लाकोटमा नाम्खा गाउँपालिका र सिमकोट गाउँपालिकाका विभिन्न बस्तीबाट यहाँ पुगेका लामा समुदाय काम बढी पाउने गरेका छन् । उनीहरूको पुराङ्गवासीहरूसँग भाषा मिल्दोजुल्दो हुने भएका कारण उनीहरू काम बढी पाउने गरेका छन् । यता क्षेत्री बाहुनहरूले भने सोचेअनुसारको काम पाउन नसकेको बोहराको भनाइ थियो।

जडीबुटी निर्यात, खाद्यान्न र लत्ताकपडा आयात

ताक्लाकोट हुम्ला जिल्लाको हरेक सामान आयात र निर्यात गर्ने एक मुख्यस्थलका रूपमा परिचित हुँदै आएको छ । हिल्सा नाका हुँदै हरेक वर्ष नेपाली कामदार त्यस ठाउँमा पुग्ने गरेका छन्।

हुम्लाबाट जडीबुटी, काठ, हस्तकलाका सामग्री चीनको ताक्लाकोट हुँदै निर्यात हुने गरेको छ भने नेपालीले दैनिक उपभोग्यको सामान, लत्ताकपडा, निर्माणसम्बन्धी सामग्री आयात गर्ने गरेका छन्। हुम्लीले मैदा, खाद्य पदार्थलगायतका सामग्री मनग्य आयात गर्दै आएका छन् । धैरै पहिले कमाइका लागि भारत जाने गरेका हुम्लीका लागि केही वर्ष अगाडिदेखि चीन प्रमुख आयस्रोतस्थल बन्दै गएको छ।

**बस्तीका युवा सबै चीनमा**

हुम्लाका अन्य गाउँपालिकाभन्दा उत्तरी नाम्खा गाउँपालिका–६ लिमीका तीनवटै बस्तीका नागरिक यतिबेला चीन केन्द्रित हुने गरेको पाइन्छ। लिमीको तिल, हल्जी र जाङ्ग तिनै गाउँबाट पशुवस्तु चराउने गोठालाबाहेक घरका सबै सदस्य कामका लागि ताक्लाकोट जाने गर्छन् । लिमीका नागरिकहरूको प्रमुख आम्दानी आयस्रोतको क्षेत्र ताक्लाकोट बनेको छ । उनीहरू कोही कोही बाहै महिना ताक्लाकोट बस्दै आउने गरेका छन् । कोही दुई तीन वर्षपछि राम्रो कमाइ भएपछि गाउँघरमा फिर्ता हुने गरेका छन्।

गएका वर्षभन्दा यो वर्ष ताक्लाकोटमा काम गर्न जाने कामदारको सङ्ख्या बढे पनि विगतका वर्षमा जसरी काम पाउन सहज नभएको बताउने गरेका छन् । पहिला काम पाउन पनि सजिलो हुने र काम गरेबापत काम हेरेर राम्रो आम्दानी हुने भए तापनि यो वर्ष कम ज्याला र कुनै दिन यतिकै बसिरहनुपर्ने अवस्था छ ।रासस

# नेपालमा नयाँ अन्तरिम सरकार गठनको भारतद्वारा स्वागत

**काठमाडौँ।**
नेपालमा नयाँ अन्तरिम सरकार गठनको छिमेकी मुलुक भारतले स्वागत गरेको छ।

पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीले शुक्रबार अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेलगत्तै भारतीय विदेश मन्त्रालयले विज्ञप्तिमार्फत स्वागत गरेको हो।

विज्ञप्तिमा भनिएको छ ,‘हामी सुशिला कार्कीको नेतृत्वमा नेपालमा नयाँ अन्तरिम सरकार गठनको स्वागत गर्दछौँ । हामीलाई आशा छ कि यसले शान्ति र स्थिरतालाई प्रवद्र्धन गर्न मद्दत गर्नेछ ।’ भारतले नजिकको छिमेकी, लोकतान्त्रिक मित्र र दीर्घकालीन विकास साझेदारको रूपमा दुई देश र जनतको कल्याण र समृद्धिका लागि नेपालसँग मिलेर निरन्तर काम गरिरहने जनाएको छ ।रासस

# नेपालमा नयाँ अन्तरिम सरकार गठन महत्त्वपूर्ण कदमः बेलायत

**काठमाडौँ।**
संयुक्त अधिराज्य बेलायतले नेपालमा गत हप्ताको घटनाक्रमपछि सुशिला कार्की प्रधानमन्त्री पदमा नियुक्त भएको बिषय महत्वपूर्ण कदम भनी उल्लेख गरेको छ । पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीले शुक्रबार अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेलगत्तै यहाँस्थित बेलायती दूतावासले सामाजिक सञ्जाल फेसबुकमार्फत सो प्रतिक्रिया दिएको हो।

बेलायतले सबैभन्दा पुरानो मित्रको रूपमा आगामी चुनौतीहरूलाई स्वीकार गर्दै जवाफदेहीता र समावेशी शासनका लागि नेपाली आकाङ्क्षालाई समर्थन गर्ने जनाएको छ ।रासस

# मधेश प्रदेश सभामा करिब ३० करोडको क्षति







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गत मंगलबार भएको तोडफोड र आगजनीका कारण मधेश प्रदेश सभा सचिवालयमा करिब ३० करोड बराबरको क्षति पुगेको छ । सभामुख रामचन्द्र मण्डलले यस्तो जानकारी दिएका हुन् । उनका अनुसार तोडफोड र आगजनीका क्रममा सातै दलको संसदीय दलको कार्यालय, सातै दलका सभापतिहरूका कार्यकक्ष, सभामुखको कार्यकक्ष र सचिवालयका अन्य शाखाहरू पूर्णरूपमा प्रभावित भएका छन् । 'प्रदर्शनकारीहरूले सचिवालयको कार्यालय क्षेत्र मात्र नभई गाडी र व्यक्तिगत सम्पत्तिमा समेत आक्रमण गरेका छन्,' सभामुख मण्डलले भने । तोडफोडमा सचिवालयको हायस गाडीमा आगजनी गरिएको छ भने सभामुख मण्डलकै निजी गाडीको सिसा फुटाइएको छ ।

त्यस्तै कार्यालयभित्र रहेका फर्निचर, कम्प्युटर, टेलिभिजन, ल्यापटप, पंखालगायतका मूल्यवान उपकरण जलाइएका वा लुटपाट गरिएको उनले जानकारी दिए । यसैबीच, प्रदर्शनकारीहरू सभामुखको जनकपुरधामस्थित निवासमा समेत प्रवेश गरेर उनकी श्रीमतीको झन्डै ३ तोला सुनका गरगहना लुटेको मण्डलले जानकारी दिए । उनले भने, 'राजनीतिक आक्रोशले यति चरम रूप लिनु निकै दुःखद छ । सार्वजनिक सम्पत्तिको मात्र नभइ मेरो निजी निवासमा समेत आक्रमण भएको छ ।' त्यस्तै, प्रदेश सभाभित्र रहेको मिडिया सेन्टरकोसमेत कम्प्यूटर र टिभी चोरी भएको छ । सभामुख मण्डल हाल जनकपुरधाम बाहिर रहेका कारण तत्कालीन अवस्थाबारे प्रत्यक्ष प्रतिक्रिया दिन नसके पनि उनले फर्किएपछि दलका नेताहरूसँग छलफल गरी सचिवालय सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाइने बताए ।

# जितिया पर्वको अवसरमा सप्तरीमा कर्फ्यु खुकुलो

**मधेशदृष्टि**
**सप्तरी ।**
तराई मधेशका हिन्दु महिलाहरूको महान पर्व जितियालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले शनिबार विशेष रूपमा कर्फ्युमा खुकुलो प्रदान गरेको छ ।
मङ्गलबारदेखि जारी निरन्तर कफ्र्यु र निषेधाज्ञाका कारण जिल्लामा सर्वसाधारणलाई खाद्यान्न तथा आवश्यक सामग्री किनमेल गर्न कठिनाइ भएकोले प्रशासनले पर्वको सहजता सुनिश्चित गर्ने उद्देश्यले यस्तो निर्णय गरेको हो ।
जिल्लामा 'जेन्जी' आन्दोलनका कारण मङ्गलबारदेखि विभिन्न सरकारी कार्यालयहरूमा आगजनी र तोडफोड भएको थियो । त्यसै दिन दिउँसो ३:३० बजे जिल्ला प्रशासन कार्यालयले कर्फ्युको आदेश जारी गरेको थियो ।

प्रशासनले उक्त आन्दोलनले सिर्जना गरेको असहज परिस्थितिको मध्यनजर गर्दै शनिबार दिनभर निषेधाज्ञा र बाँकी समयमा कफ्र्यु लागू गरेर सर्वसाधारणको सुरक्षा र चाडपर्वको सहजता सुनिश्चित गरेको थियो ।
सुरक्षा स्रोतका अनुसार प्रशासनले
आवश्यकतानुसार प्रहरी टोलीलाई सतर्क राखेको छ र सबै क्षेत्रमा निगरानी बढाइएको छ । स्थानीयवासीहरूले पनि प्रशासनको निर्णयलाई स्वागत गर्दै पर्वलाई शान्तिपूर्ण र सुरक्षित वातावरणमा मनाउन सक्ने विश्वास व्यक्त गरेका छन् ।

# जनकपुरधाम उपमहानगरको भवन सवारीसाधन र कागजात नष्ट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी पुस्ताको प्रदर्शनका क्रममा जनकपुरधाम उपमहानगरपालिका कार्यालयको भवन, सवारीसाधन र कार्यालय सामग्रीमा ठूलो क्षति भएको छ । प्रदर्शनकारीले उपमहानगर परिसरमा रहेको भवन र डेढ दर्जनभन्दा बढी सवारीसाधनमा आगजनी गर्दै कार्यालय सञ्चालनमा चुनौती निम्त्याएका छन् । नगर प्रमुख मनोज साहले भने, 'जनकपुरधाम उपमहानगर पालिकाका धेरै ठूलो भवन जलेका छन् । ती भवनमा कार्यालय सञ्चालन गर्न सक्ने अवस्था छैन । उपमहानगरका विभिन्न शाखा र महाशाखाका लगभग सबै कागजात, कुर्सी टेबल र फर्निचर आगजनी तथा चोरी गरिएको छ । कम्प्युटर, प्रिन्टर र हार्डड्राइभजस्ता अत्यावश्यक उपकरणहरू समेत नष्ट भएका छन् । यी सबै व्यवस्थापन गरेर पहिलाको अवस्थामा फर्किन अझै लामो समय लाग्ने देखिन्छ ।' उनले भने, 'गत मङ्गलवार दिउँसो साढे ३ बजेपछि उपमहानगरमा आक्रमण शुरु भएको थियो । अहिले उपमहानगरको करिब ९५ प्रतिशत संरचनामा क्षति भएको छ । सवारीसाधन जलेर करोडौं रुपैयाँ बराबरको क्षति भएको छ ।' साहका अनुसार उपमहानगरपालिकाको महत्त्वपूर्ण कागजातहरू जलाएर खरानी बनाइएका छन् । यसले कार्यालय सञ्चालनमा थप चुनौती उत्पन्न गरेको छ । 'जलेका कागजात, कम्प्युटर र फर्निचरको व्यवस्थापन गर्न अझै धेरै समय लाग्नेछ । हामी आवश्यकताको आधारमा दैनिक प्रशासनिक कार्य र नागरिक सेवा प्रभावित भएको छ । यसले सर्वसाधारणलाई समेत सेवा प्राप्तिमा कठिनाइ निम्त्याएको छ ।

नगर प्रमुख साहले नागरिकसँग शान्ति कायम राख्न र सुरक्षा निकायसँग सहयोग गर्न आग्रह गरेका छन् । 'हामी उपमहानगरको व्यवस्थापन र सञ्चालनमा सक्दो प्रयास गरिरहेका छौँ । यस घटनापछि नागरिकले पनि शान्ति र सुरक्षा कायम राख्न मद्दत गर्न आवश्यक छ,'



तत्कालको व्यवस्थापन गर्दैछौँ । तर, पूर्ण रुपमा कार्यालय सञ्चालनमा फर्किन समय लाग्नेछ,' उनले भने । उपमहानगरपालिकाले लुटपाट गरिएको सामग्री फिर्ता ल्याउने अभियान पनि अघि सारेको छ । नगर प्रहरी र सम्बन्धित अधिकारीहरूले बिहीबारदेखि उपमहानगरबाट चोरी भएका सामान फिर्ता ल्याउने कार्य शुरु गरेको जानकारी दिइएको छ । उपमहानगरपालिकाको उनले भने । यसैबीच, स्थानीय प्रशासनले लुटिएको सामान सुरक्षित रूपमा फिर्ता दिनेहरूलाई कानुनी राहत प्रदान गरिने र नगर्ने वा अवैध रुपमा राख्नेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने सार्वजनिक आग्रह गरेको छ । उपमहानगरपालिकाको पुनःनिर्माण र प्रशासनिक कार्यमा पूर्णता ल्याउन समय लाग्ने भए पनि पुनःस्थापना अभियान तीव्र गतिमा अघि बढाइएको छ ।

# आन्दोलनमा जलेका प्रहरी चौकीहरू पुनः सञ्चालन हुँदै




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुलुकले अन्तरिम प्रधानमन्त्री पाएसँगै देशभरको जनजीवन क्रमशः सामान्य बन्दै गएको छ । सोही सन्दर्भमा मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि अवस्था शान्त र नियमित बन्दै गएको छ । जेन्जी पुस्ताको आन्दोलनका क्रममा जलेर खरानी भएका प्रहरी चौकीहरू पुनः सञ्चालनमा ल्याउने कार्य शुरु गरिएको छ । शनिबार बिहानैदेखि विभिन्न स्थानका स्थानीयवासीले ध्वस्त प्रहरी चौकी सरसफाइ गरी पुनः सञ्चालन गर्ने पहल थालेका छन् । जेन्जी आन्दोलनमा हिंसक समूहले प्रहरी चौकीमा आगजनी तथा लुटपाट गर्दा ठूलो क्षति भएको थियो । जनकपुरधामस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय पुनः सञ्चालनमा ल्याउन सरसफाइको काम



तीव्रगतिमा भइरहेको छ । कार्यालयका प्रमुख सूर्यबहादुर शाहीका अनुसार स्थानीय युवाले बिहानैदेखि सरसफाइमा सहयोग गरेका छन् भने उपमहानगरपालिकाबाट दमकल समेत मगाएर पूर्ण सरसफाइ गरिएको छ । शाहीका अनुसार कार्यालयमा भएको क्षति पाँच करोड रुपैयाँभन्दा बढी छ । 'कार्यालय सञ्चालन गर्न तत्काल प्रयास गरिरहेका छौँ । तर, पुनःनिर्माणका लागि सरकारी निकाय र स्थानीय दुवैको सहयोग अपरिहार्य



छ,' उनले भने । हाल कार्यालयका करिब ३५ जना कर्मचारी आफन्तकहाँ बस्न बाध्य छन् । आन्दोलनका क्रममा प्रहरीसँग रहेका ड्रेस, मोटरसाइकल, गाडी सबै जलेर नष्ट भएका छन् । शाहीले भने, 'गाडी र अन्य उपकरण त पछि पनि मिलाउन सकिन्छ । तर, ड्रेस तत्कालै आवश्यक छ । हामी सञ्चालन शुरु गरेका छौँ । तर, पूर्णरूपमा व्यवस्थित हुन अझै समय लाग्छ ।' कार्यालय परिसरमा रहेका दुई वटा चारचक्के गाडी र करिब दुई दर्जन मोटरसाइकल जलेर खरानी भएका छन् । यस्तै, जनकपुरधाम उपमहानगर पालिका–१ स्थित स्टेशन प्रहरी चौकी पनि स्थानीयवासीले सरसफाइ गर्दै पुनः सञ्चालनमा ल्याउने काम थालेका छन् । चौकीका इन्चार्ज संजय तामाङका अनुसार चौकी पूर्ण रुपमा क्षतिग्रस्त भए पनि स्थानीयको सहयोगले क्रमशः सञ्चालनमा फर्किने विश्वास छ । तामाङले जनकपुरको मोनास्टिक स्कुलले चौकी पुनःनिर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएको जानकारी दिए । उनका अनुसार चौकी परिसरमा रहेका करिब एक दर्जन चारचक्के गाडी र दुई दर्जन मोटरसाइकल जलेर नष्ट भएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा डीएसपी वरुणबहादुर सिंहका अनुसार जिल्लाभरि भएको क्षतिको यकिन विवरण अझै संकलन भइरहेकाले कति मूल्य बराबरको क्षति भयो भन्नेबारे ठ्याक्कै भन्न सकिने अवस्था छैन । तर, उनले शनिबारसम्म आठ वटा प्रहरी चौकीमा इन्चार्जसहित टोली फर्किसकेको र ती चौकीले सेवा सञ्चालन थालेको जानकारी दिए । प्रदेश राजधानी जनकपुरधाममा प्रहरी चौकी पुनः सञ्चालनसँगै जनजीवन क्रमशः सामान्यतर्फ फर्किन थालेको छ । तर, आन्दोलनले पु¥याएको भौतिक क्षति पूर्णरूपमा मेटिन अझै समय लाग्ने देखिन्छ ।

# यातायात र शैक्षिक संस्था आइतबारदेखि खुल्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी आन्दोलनका कारण गत मंगलबारदेखि पूर्ण रूपमा ठप्प भएका लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधन आइतबारदेखि सञ्चालनमा आएका छन् । आन्दोलनका क्रममा उत्पन्न असहज अवस्था र सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै स्थानीय प्रशासन, व्यवसायी र शैक्षिक संस्थाहरूबीच भएको छलफलपछि पुनः जनजीवन सामान्य बनाउने निर्णय गरिएको हो । माँ जानकी यातायात व्यवसायी संघका अध्यक्ष मनोज चौधरीले यातायात सञ्चालन पुनः शुरु भइसकेको जानकारी दिए । उनले भने, 'आन्दोलनले सडक, व्यवसाय र सर्वसाधारण सबै प्रभावित भए । यात्रुहरू दिनहुँजसो अलपत्र परिरहेका थिए । अब परिस्थिति सामान्यतर्फ गएकाले हामीले नियमित यातायात सेवा शुरु गरेका छौँ ।' आन्दोलनका कारण विगत पाँच दिनदेखि बन्द रहेका विद्यालय र कलेजहरू पनि सोमबारदेखि सञ्चालनमा आउने भएका छन् । प्याब्सन धनुषाका अध्यक्ष रवीन्द्र कुमार चौधरी र एन–प्याब्सनका अध्यक्ष दीपक कुमार ठाकुरले संयुक्त विज्ञप्ति जारी गर्दै सबै शैक्षिक संस्था सञ्चालनमा ल्याउन अनुरोध गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'जेन्जी आन्दोलनमा शहादत प्राप्त विद्यार्थीहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै हालको परिस्थिति सामान्य बनाउनका लागि सोमबारदेखि विद्यालय तथा कलेज सञ्चालन गर्न अनुरोध गर्दछौं ।' प्याब्सनका अध्यक्ष चौधरीले भने, 'विद्यार्थीहरू निरन्तर घरमै थुनिनु बाध्यकारी परिस्थिति थियो । शिक्षामा अवरोध आउनु भविष्यमै असर पार्छ । त्यसैले अब सुरक्षित तरिकाले पठन–पाठन शुरु गरिँदैछ ।' जेन्जी आन्दोलनको उग्र रुपका कारण जनकपुरधामलगायत मधेश प्रदेशका विभिन्न जिल्लामा यातायात, विद्यालय, सरकारी कार्यालय र व्यवसायिक गतिविधि ठप्प भएका थिए । जनकपुरधाम उपमहानगरपालिका–५ निवासी व्यवसायी संजय साहले भने, 'गत हप्ता हामीले व्यापारमा दिनहुँजसो ठूलो घाटा बेहोर्नुप¥यो । सडक बन्द हुँदा सामान आपूर्ति नै रोकियो । अब पुनः सामान्यतर्फ जाँदा राहत महसुस भइरहेको छ ।' यस्तै, जनकपुरधामकै विद्यार्थी काजल ठाकुरले भनिन्, 'हामी निरन्तर घरमै थियौँ । किताब पढे पनि कक्षाको वातावरण जस्तो हुँदैन । विद्यालय खुलेपछि साथीहरूसँग भेट्न पाउनेमा खुसी छु ।' जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले जनजीवन सामान्य बनाउन सुरक्षाकर्मीलाई रणनीतिक रूपमा खटाइएको जानकारी दिए । उनले भने, 'निषेधाज्ञा अन्तर्गतका नियम अझै लागू छन् । तर, यातायात र शैक्षिक संस्था सञ्चालन गर्न सहज वातावरण बनेको छ । आम नागरिकले सुरक्षामा सहयोग गर्नुपर्छ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन